# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

नेपालको पछिल्लो जनगणना २०६८ मा लिएको तथ्याङ्क अनुसार हाल नेपालमा जम्मा जम्मी १२५ वटा जात जाति रहेको देखिन्छ । यसरी नेपालमा धेरै जातजातिहरूको बसोबास रहेको र ती जातजातिहरूको जुनसुकै धर्म पेशा संस्कृति मुल्य मान्यता परम्परा अगालेका भएता पनि समान आंकक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता र अखण्डता प्रति आस्थावान रही अनेकतामा एकताको सुत्रमा आवद्ध सबै नेपाली समान छन् (जनगणना, २०६८) ।

नेपालको जातिय व्यवस्था उत्पति र विकास कहिले र कसरी भयो भन्ने कुरामा विभिन्न धर्म ग्रन्थ तथा विद्वान्हरूले आफ्नै किसिमले व्याख्या गरेको पाईन्छ । पृथ्वी नारायणशाहले दिव्य उपदेशमा "नेपाल चार जात छत्तिस वर्णको साझा फूलवारी हो ।" भनेबाट पनि सोहि समय देखि नै जातिय व्यवस्था थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

समाजमा विकसीत हुँदै आएको जाति प्रथाले श्री ५ सुरेन्द्र विक्रम शाहको पालासम्म आईपुग्दा एउटा कानूनी आधार नै प्राप्त गरियो । वि.स १९१० मा मुलुकी ऐनको जन्म भयो । यसले जातिय व्यवस्थालाई अझ कानूनी जटिल र कठोर वनाई दियो । अपराधिले अपराध गरेमा जातित्वलाई आधार मानेर दण्ड सजाय समेत हुने स्पष्ट व्यवस्था गरियो । यसले दलित वर्गलाई बढी नियन्त्रणमा राख्यो । यसरी हेर्दा त्यस समयको समाज हिन्दु धर्म र जातिय व्यवस्थाको नियन्त्रणमा रहेको पाईन्छ । जातिको वर्गीकरण गर्दा चार जात छत्तिस वर्ण गरी श्रेणी विभाजन गरिएको थियो (मुलुकी ऐन, १९१०) ।

जसमा नागाधारी, मतवाली, पानी नचल्ने, छोइछीटि हाल्नु नपर्ने र पानी नचल्ने छोइछिटो हाल्नु पर्ने गरी विभाजन गरिएको छ । यसैगरी पानी चल्ने र नचल्नेलाई पनि वर्गीकरण गरिएको छ । पानी नचल्ने छोइछिटो हाल्नु पर्नेमा धोवी, तेली, कसाई, म्लेचछे, मुसलमान, कुलु, कुश्ले, कुडारा पर्दछन् भने तर पानी नचल्ने छोइछिटो हाल्नु पर्नेमा शिखर, लुहार, सार्की, गाईने, सुनार, पोडे, वादी, हुकिया, दमाई पर्दछन् ।

यसै सन्दर्भमा जातिको आधारमा रहेको कानूनी भेदभावलाई अन्त्य गर्ने उद्देश्यले २०२० साल भाद्र १ गते नयाँ मुलुकी ऐन आयो । कानूनको नजरमा सबै समान हुने र कसैलाई पनि जाति अनुसार भेदभाव नगरिने उद्देश्य राखेर नयाँ ऐन आएको यतिका वर्ष वितिसकेका छन् । तर सामाजिक व्यवहारमा जातिगत आधारमा रहेको विभेद र उपेक्षाको स्थिती हट्न सकिरहेको छैन् (नयाँ मुलुकी ऐन, २०२०) ।

वृहत नेपाली शब्दकोशका अनुसार दलित शब्दलाई दमन गरिएको, थिचीएको, कुल्चिएको रूपमा अर्थ्यायको छ । त्यस्तै दलित वर्ग भन्नाले समाजमा एक ईज्जत र प्रतिष्ठा समान रूपले पाउन नसकेको जाति वा समुह सामाजिक व्यवस्थाको असमानताले सोसिएको वा पछि परेको जन समुदायको रूपमा व्याख्या गरिएको छ ।

राष्ट्रिय दलित आयोगको प्रतिबेदन (२०५५) का अनुसार दलितलाई यसरी परिभाषित गरेको छ । "हिन्दु वर्ण श्रम जाति व्यवस्था १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोईछिटो हाल्नु पर्ने जातजाति भनि जातिय भेदभाव एंव समाज मा अछुत मानिएको र सामाजिक आर्थिक राजनीतिक शैक्षिक तथा धार्मीक रूपमा राष्ट्रिय मूल प्रवाहबाट पछाडि पारिएका समूदायलाई दलित भनिन्छ । "

राष्ट्रिय दलित आयोग (२०५५)ले नेपालका दलितलाई पहाडिया दलित र तराई दलित गरी विभाजन गरेको छ । पहाडीया दलितमा १) दमाई २) सार्की ३) शिखर ४) गन्धर्व ५) वादी ६) लुहार जातिहरू पर्दछन् । भने तराई दलितमा १) चमार वा हरिजन वा राम २) मुसहर ३) पासी ४) तम्मा ५) खल्वे ६) धोवी (रजक) ७) वातर (सरदार) ८) चिडीमार ९) डोम १०) मेस्तर वा हलखोर ११) कुस वडीया वा पथ्रकट्टा १२) ककहिया १३)कोरी १४) कलर १५) खटिक १६) पसी १७) सरभङ्ग वा सरवदिया जातिहरू पर्दछन् ।

मिश्र (२०६६) का अनुसार हिन्दु धर्ममा आधारित वर्ण व्यवस्थामा सर्ब प्रथम भारतमा ईशा पूर्वको सातौ शताब्दीबाट ईशाको दोस्रो शताब्दीसम्मा दलित पनको जन्म भएको देखिन्छ । ईसापूर्व ७०० तिर जन्म भएको छुवाछुतको संरचना आर्थिक विस्तार र विविधिकरणको ऐतिहासिक उतार चढावसँग गाँसिएर आएको छ । नेपालमा छुवाछुतको भेदभाव पूर्वि तराईबाट पश्चिमतिर झन झन बढदै आएको पाईन्छ ।

यसरी दलित जातिहरूलाई समाजमा हेर्ने दृष्टिकोण फरक रहेको पाईन्छ समाज मा दलित भन्ने वित्तिकै उनीहरूको पेशा, शिक्षा, रोजगारिमा अगाडी बढ्न नसकेको आर्थिक अवस्था कमजोर भएको जाति भनेर चिनीने गरेको पाईन्छ ।

नेपालको विभिन्न ठाँउहरूमा छरिएर रहेका कुनै निश्चित भागमा मात्र नरहेको यो लुहार जातिहरू देशका विभिन्न ठाउहरूमा छरिएर रहेको पाईन्छ । क्षेत्रगत हिसावले भने बढी जनघनत्व पश्चिम पहाड तर्फ देखिन्छ । त्यस मध्ये दार्चुला जिल्ला शिखर गा.वि.स मा पनि लुहार जातिको संख्या पनि उतिकै मात्रमा रहेको पाईन्छ । त्यसैले अध्ययनको सिलसिलामा मुख्य गरी दार्चुला शिखर गा.वि.स.मा रहेका लुहार जातिहरूको व्यवसायमा आएको परिवर्तन सँग सम्बन्धित रहि अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

जातिय व्यवस्थाबाट ग्रसीत रहेको समाजमा उपल्लो वर्गले तल्लो वर्गलाई नियन्त्रणमा लिईदै आएको पाईन्छ् । यस्तो नियन्त्रणमा परेको जाति मध्ये लुहार जाति पनि एक मानिन्छ । यो जाति खास गरेर पहाडी भेगमा बढी मात्रामा बसोबास गरेको पाईन्छ । दार्चुला जिल्लाका विभिन्न स्थानहरूमा समेत यिनीहरूको बसोवास रहेको छ । सामान्य रूपमा वाहेक यस जिल्लामा बसोवास गर्ने लुहार जातिको विषयमा विस्तृत अध्ययन अनुसन्धान हुन सकेको छैन् । तसर्थ निम्न प्रकारका प्रश्नहरूको उत्तर खोज्नु यसको समस्या रहेको छ ।

१) लुहार जातिको जिविकोपार्जनको मुख्य माध्यमहरू के के हुन सक्छन् ?

२) शिखर गा.वि.स.को लुहार जातिको अन्य जातिसँको आर्थिक गतिविधिको सम्बन्ध कस्तो रहेको छ ?

३) शिखर गा.वि.स.का लुहार जातिहरूको परम्परागत रूपमा गदै आएको भाडांकडा बनाउने,पञ्चेबाजा बजाउने पेशा समय क्रममा किन पछाडी परेको छ ? र किन यस पेशालाई अहिलेका पुस्ताहरूले अपनाउन छाडेका हुन भन्ने पत्ता लगाउने ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धानको आ आफनैं निद्रिष्ट उद्देश्यहरू रहेका हुन्छन् । त्यसैले यस अध्ययनको मुख्य उद्देश्य लुहार जातिको संक्षिप्त जातिगत तथ्यको खोजि गर्नु हो । लुहार जातिको व्यवसायमा परिवर्तनको अध्ययन गर्नु यस अनुसन्धानको उद्देश्य रहेको छ । जसमा

१. लुहार जातिको जिविकोपार्जनको अध्ययन गर्नु ।

२. यस जातिसग अन्य जातिको आर्थिक सम्बन्ध बारे पत्ता लगाउनु ।

३. वर्तमान अवस्थामा यस जातिमा देखा परेका विभिन्न परिर्वतन बारे विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्त्व

हाम्रो समाज विविध जातिय सामाजिक संरचनायुक्त छ । वहुलवाद यसको विशेषता हो । वहुल वादभित्र अनेकतामा एकता पनि भेटिन्छ । जातिय विसंगति र यसले सृजना गरेको असमानता आधुनिक सभ्य समाजका लागि चुनौती बनेको छ । त्यसैले जातिय विसंगति एक अमानवीय समस्या पनि हो । यिनै विषयको सेरोफेरोमा केन्द्रित रही यस अध्ययन गरिएको छ । यस अध्ययनबाट विश्वका विकसित राष्ट्रहरूले देशविकास र सम्वृद्धिका लागि अपनाएका समावेशीताका सिद्धान्तहरू झैं नेपालमा पनि समावेशी ढंगबाट अध्ययन अनुसन्धान गरी पछाडि परेका जातजातिलाई मूलधारमा ल्याउन महत्वपूर्ण भूमिका रहएको छ भने अर्को तिर समय परिवर्तनसँग लुहार जातिहरूको उत्थान तथा परिवर्तनका लागि सही सुझाव पनि पाइएको छ ।

सानो एकाईलाई लिएर पनि समग्रको अवधारणालाई वुझ्न सकिने विश्वास लिएर दार्चुला जिल्ला शिखर गा.वि.स वडा नं १ निवासी लुहारहरूलाई प्रत्यक्ष भेटी उनीहरूको अन्र्तरवार्ताका माध्यमबाट आर्थिक अवस्थाको बारेमा अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि जाति तथा विषयको बारेमा अध्ययन गर्नु पर्दा लामो समयको आवश्यकता पर्दछ तर प्रर्याप्त समयको अभाव तथा आर्थिक स्रोतको सीमिततालाई ध्यानमा राखि अध्ययनलाई व्यापक रूपमा नलिई लुहारहरूको बसोबास रहेको दार्चुला शिखर गा.वि.स अन्र्तगत वडा नं १ मा रहेका लुहार जातिहरूको विशेष रूपमा केन्द्रित भएकाले अन्य क्षेत्रमा बसोबास गर्ने लुहार जातिहरूको अवस्थासँग समानता नहुन सक्छ ।

# अध्याय दुई

# पूर्व साहित्यको पुनरावलोकन

## २.१ पूर्व साहित्य समिक्षा

कुनै पनि बिषयको अध्ययन अनुसन्धान गर्नु अगाडी उक्त बिषयसँग सम्बन्धित के कस्ता पक्षमा कुन कुराको खोज तथा अनुसन्धान भएको छ भन्ने कुराको जानकारी हुन आवश्यक हुन्छ । त्यस कारण दलितसग सम्बन्धित विभिन्न विद्वानहरूका पुस्तक तथालेख साथै दलितहरूका विभिन्न आर्थिक पक्षसँग सम्बन्धीत दलितहरूको जग्गा जमिन, खेतिपाति, जागिर, व्यपार, वैदेशिक रोजगार जस्ता पक्षको सन्दर्भमा व्यक्त गरिएका बिचारहरूलाई पुनरावलोकन गरिएको छ ।

लुहारको आर्थिक पक्षको बारेमा अध्ययन पर्दा लुहारहरूको मुख्य पेशा तथा व्यवसाय के हो ? उनीहरूको आफ्नै जग्गा जमिनको अवस्था र उनीहरूको व्यपार व्यवसाय तथा उनीहरूको आर्थिक पक्ष सग सम्बन्धित रहेर गरिएका अध्ययन तथा विभिन्न विद्वानहरूका पुस्तककोलेखलाई तल राखिने छ ।

सी. एफ. हेमेनडोफ, पहिलो मानवशास्त्री हुन् जसले नेपालमा हिमालयका वासिन्दा (मानिस)हरूको अध्ययन गरेका थिए । उनको पुस्तक “द शेर्पाज अफ नेपाल” (१९६४)ले जातिय अध्ययनको परम्परा वसाउन सहयोग गऱ्यो । उनले सोलुखुम्वु जिल्लाको खुम्वु क्षेत्रका शेर्पा जातिको अध्ययन गर्दा तिनीहरूले खेतिपाति पर्यटनसगँ सम्बन्धित व्यापार तथा पशुपालन आदिबाट जीविकोपार्जन गर्ने गरेको पाए ।

कोईराला (२०६३), आफ्नोलेख “संविधान सभा राज्य पुनरसंरचना र दलित” मालेख्नु हुन्छ “धर्म भिरुले जातिय छुवाछुत लादे सामाजिक सुधारका ठेकेदारहरूले छुवाछुत संकारलाई निरन्तरता दिए तीन ‘श’ (शिक्षा, सत्ता, र सम्पत्ति) को अभावले दलितले छुवाछुत स्विकार्न वाध्य भए वाध्य गराए ।” कोईरालाको योलेख संविधान सभामा दलितलाई समावेश गर्नका लागि कस्ता कुराहरूको संवोधन गर्नु पर्दछ भन्ने तर्फ ढल्लकेको देखिन्छ ।

ब्ल्याकी, क्यामरोन र सेडनले नेपालको पश्चिमी क्षेत्रमा गरेको अध्ययन ‘नेपाल इन काइसीस’ नामक पुस्तकमा दलित जातिलाई अछुत जातिको रूपमा उल्लेख गर्दै लुहार जातिहरूलाई चार कुराहरूले पिडीत छन भनी उल्लेख गरेको पाईन्छ ।

१. खेतिपातिमा आवश्यक पर्ने सामान, पुरानै पद्दति द्वारा कृषि कार्य गरिनु ।

२.	कृषि कार्यमा प्रयोग गर्ने हतियार हात द्वारा निर्माण हुनु ।

३.	आधूनिक कृषि हतियार सग उनीहरूले बनाएका हतियारले प्रतिस्पर्धा गर्न नसक्नु।

४.	खेतिपातिमा चाहिने सामान समयमै उपलब्ध गराउन नसक्नु । भनी ब्याख्या गरेको पाईन्छ

खड्का (२०६३), ''दलित सग नजोडीएको विकास '' शिर्षकको आफ्नोलेखमा दलित र पिछडीएका जातिका लागि सरकारी, गैर सरकारी ,राजनितीक नेता अनि दलितहरू आफू स्वयमले मानविय हितको ढंगबाट सोच्नु पर्ने बताएनु हुन्छ ।

गिरी (२०५५), ''दलित समुदायका शैक्षिक तथा सांस्कृतिक समस्या र समाधानका उपायाहरू'' शिर्षकको कार्य पत्रमा भन्नु हुन्छ '' दलित समुदायको शैक्षिक तथा सांस्कृतिक समस्याको पर्खाल हिन्दु वर्ण व्यवस्थाको प्रादुभाव भएपछि समानता र सामूहिकताका आधारहरू भत्काईयो र असमानता एंव भेदभावका बिचारहरू अगि सारियो ।'' उहाँले प्रस्तुत गर्नु भएको यो कार्य पत्रमा नेपालको दलितहरूको शिक्षा तथा आर्थिक पक्षलाई बुझ्न अतिनै उपयोगी रहेको छ ।

सागर (२०००), ''नेपालमा दलित उत्थानका जल्दा बल्दा सबालहरू'' शिर्षकको आफ्नोलेखमालेख्नु हुन्छ कार्यक्रमहरूमा दलित समुदायको सक्रियता, क्रियाशिलता, र संगठीत कार्य एकता बढाउन आबश्यक देखिन्छ । यसो भएमा मात्र यस समुदायको दिगो विकास सम्भव छ । उहाँ समुदायको प्रत्यक्ष सहभागी विना राष्ट्रको विकाससम्मभव हुदैन् । भन्नु हुन्छ दलित होस वा गैंर दलित सम्पूर्ण नेपाली जनताको साथ र सहकार्य विना राष्ट्रको विकास सम्भव हुदैन् भन्ने कुरा व्यक्त गर्नु भएको छ ।

दुलाल (२०१०), ''हिन्दु समाजमा दलित मुक्तिको प्रश्न'' शिर्षकलेखमा दलित जातिको जन्म, दलितपनमा छुवाछुतको प्रवेश आदि कुराहरूलाई ऐतिहासिक रूपमा व्याख्या गर्दै दलितले भोग्नु परेका समस्याको व्याख्या गर्नु भएको छ । उहाँको योलेख पढ्दा ज्यादैनै मार्मिक र अमानविय व्यवहारका कारण दलितको कारुणी अवस्थाको प्रत्यक्ष अनुभूति गरेको भान हुन्छ ।

न्यौपाने (२००५), 'नेपालको जातिय प्रश्नः सामाजिक बनोट र साझेदारीको सम्भावना' शिर्षक रहेको आफ्नो पुस्तक मा विभिन्न जातजातिहरू बारे जानकारी गराउदैलेखकले आफ्नो आत्मकथा पनिलेखेको पाईन्छ ।

पौड्याल (२००८), “संघिय जनतान्त्रिक समाजबादी गणतन्त्र नेपालको नमुना संविधानको प्रश्तावित नमुना” नामक पुस्तकमा नेपालको नमुना संविधानको प्रश्तावित नमुनामा दलितहरूका लागि मौलिक हक र कर्तव्यमा छुवाछुत तथा जातिय, क्षेत्रिय, धार्मिक भेदभावको अन्त्यको उपधारा १ मा जातिय छुवाछुत धर्म लिंग वा क्षेत्रिय कारणले कुनै पनि भेदभाव गर्न नपाईने र भेदभाव गरे कानुन वमोजिम दन्डनिय हुने कुरा राखिएको उल्लेख गरेका छन् । उनको यस पुस्तकमा दलितहरूको कानुनी व्यवस्था कस्तो छ भनेर वुझनको लागि अत्यन्त उपयोगी देखिन्छ ।

प्रो.झा (२०००), “दलित वर्गको गरीवी निवारण” शिर्षकको आफ्नोलेखमालेख्नु हुन्छ केयर नेपालले महोत्तरीको भरतपुरमा चमार जातिको शसक्तिकरणको लागि यस वर्गलाई साक्षर बनाउने कार्य गरेको छ । जसको परिणाम स्वरूप उनीहरूले मरेको पशुको मासु त्यागे,वासी खानाको त्याग गरे । उहाको योलेख दलितहरूको आर्थिक अवस्था बुझ्नका लागि र गैंरसरकारी संस्थाहरूले दलितको हितमा के के कार्यक्रम गदै आएका छन भनेर बुझ्नका लागि उपयोगी देखिन्छ

भट्टराई (२०००), “नेपालमा दलित उत्थानका रणिनिती” पुस्तकमा नेपाली दलितहरूको परम्परागत धार्मिक आस्था शिर्षकको आफ्नोलेखमा दलित भित्र पर्ने विभिन्न जातिहरूको उल्लेख गदै छुवाछुतको चर्को समस्याको कारण रुढीवादि धारणा र राजनितीक स्वार्थको दृष्टिकोण रहेको उल्लेख गर्नु भएको छ । यो पुस्तक पनि दलित समुदायको जानकारी पाउनको लागि उपयोगिता मानिन्छ ।

मिश्र (२०६७), विश्वभक्त दुलालकोलेख हिन्दु समाजमा दलित मुक्तिको प्रश्नलाई आधार वनाई “दलित समस्या राजनिती र अर्थतन्त्र’ शिर्षककोलेखमा दलितहरूको स्थितिमा हालको राजनीतिक परिवर्तनले कस्ता कस्ता परिवर्तन भए भन्ने कुरालाई केलाउदै दलितहरूको जीवनमा पनि पुँजिबादले प्रवेश गरेको कुरा ब्याख्या गर्नु भएको छ ।

नेपाली “नेपालको दलित उत्थानमा आरक्षण व्यवस्था”शीर्षकको कार्य पत्रमा दलितको आर्थिक स्थिती बारे स्पष्ट पारेको पाईन्छ ।

मानव अधिकार वर्ष (१९९३), नेपालका केही अछुत जातिहरू जस्तो लुहार, शिखर, दमाई, सार्की, गाईने, वादी, कुमाल, पोडे, च्यामे, आदि जातिहरूको बारेमा संक्षिप्त रूपमा वर्णन गरेको पाईन्छ ।

वि.क र विश्वकर्मा (२०६५), संघियतामा दलित शिर्षकको योलेखले सामाजिक र आर्थिक रूपमा बढी सिमान्तकृत दलितहरू कस्तो प्रकारको संघियताबाट लाभांवित हुने छन र उनीहरूको हकहितको संरक्षण र प्रवर्धन गर्न के गरिनु पर्छ भन्ने सुझाव पेश गरेको छ।

विष्ट (२०६४), "सबै जातको फूलवारी"मा नेपाल अधिराज्य भित्र बसोबास गर्ने विभिन्न जातजातिहरूको बारेमा उल्लेख गर्दै नेपाल सबै जातजातिको साझा फूलवारी हो भन्नु भएको छ।

विश्वकर्मा (२०५४), "दलित समुदाय का समस्या" विषयक राष्ट्रिय परार्मश कार्यक्रममा भन्नु हुन्छ "शिक्षाबाट वच्चित पारिएका दलितहरूलाई अमर्यादित पेशाहरूमा समेत वाध्यात्मक रूपले लागि नै रहनु पर्ने र विभिन्न प्रथाहरू झेलेर बाच्नु दलितको सामाजिक यर्थाथता हो।" हजारौ हजार बर्ष देखि शिक्षाको अधिकारबाट वञ्चित हुनु, धार्मीक एंव सास्कृतिक हकबाट वञ्चित हुनु, जातिय सिमा भन्दा पर प्रेम र विवाह गर्ने हकबाट,वञ्चित हुनु, दलित वर्गको नियती बनेको कुरा उल्लेख गर्नु हुन्छ।

विश्वकर्मा (२०५५), दलित समुदायका समस्या विषयक राष्ट्रिय परामर्श कार्यक्रमको पहिलो कार्यपत्रको रूपमा प्रस्तुत "दलित समुदायको सामाजिक, आर्थिक, राजनितीक स्थिति र आरक्षणको सबाल" मा विश्वकर्माले नेपालमा दलितपनको जन्म कसरी भयो, शुद्र व्यवस्था कहाँबाट आयो, कुन शासन कालमा कस्ले छुवाछुतलाई कानुनी मान्यता दियो भन्ने कुरालाई उल्लेख गरेको पाईन्छ। उनको योलेख नेपालको इतिहास वुझ्न एकदमै राम्रो छ।

विश्वकर्मा (२०६४), "संविधानसभा प्रकिया गठन र दलितको सहभागिता" मा दलितहरूले न्याय र स्वतन्त्रताका लागि अरु सरह योगदान दिए पनि उनीहरूको योगदानको कहिल्यै कदर नभएको उल्लेख गर्नु भएको छ। उहाँले दलितलाई सरकारले केही सेवा र सुविधा नदिएको कुरा उल्लेख गर्नु भएको छ। तर हाल सरकारले दलित समुदायलाई विशेषकोटा छुट्टाएको छ।

वराली (१९८३), ले छुवाछुतको भेदभाव विरुद्व संघर्ष गर्ने केही दलित स्वतन्त्रता सेनानीहरूको जीवनीलेखेका छन्। उनले दलित जाति सहित अन्य अछुत दलित जातिहरूको बसोबास क्षेत्र बढी मात्रामा पश्चिम नेपालमा रहेको छ भनेका छन्। जहाँ माथिल्ला जातिका विशेष गरी पुरोहीतले यस दलित जाति माथि बढी भेदभावपूर्ण व्यवहार एवं दवाएर राख्ने गरेकोले यस्तो भेदभावपूर्ण व्यवहारको विरुद्वमा यसै क्षेत्रका दलित वर्गबाट वाग्लुङको मुलपानीबाट संघर्ष शुरु भएको थियो। माथिल्लो जातिको भेदभावपूर्ण व्यवहारले गर्दा यी

जातिहरू बिचको अन्तर सम्बन्धमा गहिरो खाडल रहेको र जीवनस्तरमा समेत जातियताको कारण आर्थिक रूपले पछाडी पर्न गएको निष्कर्ष निकालेका छन् ।

पराजुली (१९९५), ले बाग्लुङ जिल्लाको मूलपानी गा.वि.स मा "सोसियो कल्चरल चेन्ज इन विश्वकर्मा" नामक शोधपत्रमा संस्कृतिकरणको आधारमा लुहार जातिको अध्ययन गरेका छन् । यस अध्ययनमा परम्परागत जातिय पेशालाई अपनाउदै आएका लुहार जातिले समाजमा आफ्नो सामाजिक स्तरलाई कसरी आधुनिक संस्कृतिमा परिवर्तन गदै लगेको छ भन्ने विषय माथि प्रकाश पारिएको छ । शोधकर्ताका अनुसार – माथिल्लो जातका मानिसहरूको संस्कृति अनुसार तल्लो जातका संस्कृति र अस्तित्बमा रहेका सांस्कृतिक व्यवहारहरू ,चलनहरू वदल्दै परिवर्तन भइरहेछन् तर त्यस्तो परिवर्तनशील व्यवहार सिक्ने तरीकालाई माथिल्लो जातिले मन पराएको पाईदैन् ।

फ्रान्सेली मानवशास्त्री लुइस डुमोका अनुसार उनले भारतीय संस्कृतिमा विधमान जातिय पद श्रृङ्खलाको अध्ययन एंव अनुसन्धान गरी "हाइरारची स्टाटस एन्ड पावर द कास्ट सिस्टम एन्ड इट्स इम्लीकेसन" नामक कृर्तिलेखेका छन् । जसमा उनले भारतीय सामाजिक संरचना हिन्दु जाति व्यवस्थामा आधारित रहेको छ । जहाँ जातको आधारमा शुद्ध र अशुद्वताको भावना अनुरूप मानिसहरू वीचमा तहगत विभाजन रहेको कुरा प्रष्ट पारेका छन् । भने उनको यो पुस्तकलाई सामाजिक तथा सांस्कृतिक मानवशास्त्री वेरीमेनले केही कमजोरी देखाई तर्क गरेका छन् ।

यसरी हेर्दा नेपालमा दलितहरू पेशागत, सांस्कृतिक तथा सामाजिक रीतिरिवाज, चालचलन, परम्परागत सोचबाट पछाडि परिरहेको कुरा माथिका साहित्यको समीक्षाबाट पनि प्रष्ट हुन गइरहेको छ । मैले पनि सिखर गा.वि.स.का लुहार जातिको स्थलगत अध्ययन अनुसन्धान गरी प्राथमिक तथ्यांक लिई अन्वेषणात्मक, व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचा प्रयोग गरी यस प्रतिवेदनलाई पूर्णता दिएको छु ।

यसरी समाजमा दलितहरूको बारेमा विभिन्न विद्वानहरूले आफ्नो बिचार राखेता पनि लुहारको बारेमा विश्लेषण गर्नु पर्दा के भन्न सकिन्छ भने नेपालको परम्परागत जातिय विभाजनले गर्दा सुरुबाट नै लुहारहरू भनेका आर्थिक पक्षबाट कमजोर भएका र समाजमा अगाडी बढ्न नसकेका समाजमा सबै पहुचबाट पछाडी परेका शिक्षामा चेतनाको अभावका कारणले गर्दा अगाडी बढ्न नसकेका, उनीहरूको जीवन स्तर सधै भर पछाडी पदै गएको छ । समाजमा उनीहरूको अवस्थालाई हेर्दा परम्परागत रूपमा चल्दै आएका मूल्य

मान्यताका कारण र समाजमा लुहारहरूलाई गैर दलितहरूले हेर्ने दृष्टिकोणमा पुरानै मान्यता रहेको कारण र लुहारहरू भनेका तल्लो जात अछुत छुन नहुने, गरिव, फोहोरी, सुगुर,कुखुरा, पाल्ने जाति भनेर पहिलाबाट नै समाजमा लुहारहरूलाई हेर्ने दृष्टिकोणले गर्दा लुहारहरूको जीवन स्तर माथि उठ्न सकेको छैन् । त्यस कारण जबसम्म देशमा दलित जातिको विकासमा सकारात्मक विभेदका माध्यमबाट समतामा आधारित विकास हुन सक्दैन तबसम्म देशमा लुहारहरू गैरदलित सरह समान रूपमा अगाडी बढ्न सक्दैनन् । त्यस कारण यहाँ गरिएको यस अध्ययनको मुख्य उद्वेश्य भनेको दलितहरूमा लुहारको अवस्था पहिला जस्तो नै छ की यसमा सुधार के कस्ता कुराबाट अगाडी बढ्दै गएको छ भन्ने हो । यस कारण, पूर्ववर्ति साहित्यहरूले लुहारजातिहरू आर्थिक एवं व्यवसायिक रूपले पुरानै अवस्थाबाट गुर्जिएका छन् भन्ने विषयमा बढी केन्द्रित भएको पाईन्छ भने यो अनुसन्धान लुहार जातिको व्यवसायमा आएको परिवर्तन सगै जीवन स्तरमा आएको सुधारका बारेमा पर्ता लगाउनु सग केन्द्रित रहेको छ । त्यसैले यस लुहार जातिमा आधारित रहेर अध्ययन गरिएको छ ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

## ३.१ अनुसन्धान पद्धति

यस अर्न्तगत अध्ययनलाई भरपर्दो र विश्वसनीय वनाई निष्कर्षमा पुग्नको लागि प्रयोग गरिने विभिन्न अनुसन्धान पद्धति जस्तै अध्ययन क्षेत्रको छनोट, अनुसन्धान, अन्तबार्ता, प्रश्नावली, अवलोकन आदिको उल्लेख गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनोट

दार्चुला जिल्ला शिखर गा.वि.स का शिखर गाँउका  वडा नं १ मा बसोबास गरेका लुहारहरू अध्ययनमा समावेश गरी शोधपत्र तयार पार्ने उत्सुकता जागेको हुनाले र यस क्षेत्रका लुहारहरू आफूसँग परिचित भएको र समय खर्च आदिलाई मध्यनजर गदै विस्तृत अध्ययन सहज हुने भएकाले यस वाहुन, क्षेत्री र लुहार जातिलाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिने छ । शोध कर्ता सम्बन्धित गा.वि.सको स्थायी वासीन्दा भएको कारणले गर्दा यसलाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ ।

## ३.३ अध्ययन क्षेत्र

शिखर गा.वि.स.मा जम्मा ९ वटा वडा रहेका छन् । जसमा वडा नं १ लाई अध्ययनको क्षेत्र बनाएको छ । यस गा.वि.सलाई शिखर भनि कसरी नामांकरण गरीयो भन्ने विषयमा सबैलाई जिज्ञासा हुनु स्वभाविक हो । ठाउमा रहेको  अग्लो चुचुरोमा मालकिार्जुन देवताको मन्दिर रहेकाले त्यसै अग्लो शिखरको नामबाट नै त्यस ठाँउको नाम शिखर रहन गएको पाइन्छ ।

## ३.४ अनुसन्धान ढाँचा

कुनै पनि अध्ययन अनुसन्धानमा वास्तविकता र सत्यतालाई प्रस्तुत गर्न तथा अध्ययनबाट सहि जानकारी प्रदान गर्न विश्वासीलो र पक्षपात रहित बनाउनको लागि वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ । यसलाई अझै विस्तृत विवरण थाहा पाउन लुहार जातिहरूको आर्थिक अवस्था सुरुमा कस्तो थियो भन्ने कुरा पत्ता लगाउन अन्वेषणात्मक ढाँचा प्रयोग गरिने छ । जसबाट लुहार जातिहरूको आर्थिक पक्षसँग सम्बन्धित रहि त्यसका समस्याहरू पत्ता लागाइएको छ ।

## ३.५ नमुना छनोट

यस अध्ययनमा लुहार जातिको शिखर गा.वि.स. वडा नं. १ मा जम्मा ३५ घरधुरीको लुहार घरपरिवारलाई नमुना छनोट गरी लुहारहरूको केश अध्ययन गर्ने कार्य गरिएको । कुनै पनि अध्ययन गर्दा त्यस ठाँउको सम्पूर्ण घरधुरीहरूलाई लिन सबै पक्षबाटसम्मभव नहुने हुदा हामीले मुख्य रूपमा यस शिखर गा.वि.स वडा नं १ का लुहारहरूको ५२ घरधुरी मध्येबाट जुन ठाँउमा लुहारहरूको बाक्लो वस्ती रहेको छ त्यसैमा आधारीत रहेर उनीहरूको बारेमा अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क श्रोत एंव प्रकृति

यसमा मुख्य गरी दार्चुला जिल्ला शिखर गा.वि.स का लुहार जातिहरूलाई केन्द्रित गरी अध्ययनलाई प्रभावकारी बनाउनको लागि गुणात्मक तथा संख्यात्मक दुवै प्रकारका तथ्याङ्कहरूको आवश्यक पर्ने हुदा तथ्याङ्क संकलन गर्दा प्राथमिक र द्वितिय स्रोतको प्रयोग गरिएको छ । गुणात्मक बिधि अर्न्तगत लुहारको आर्थिक पक्षबाट उनीहरूमा देखिएका पक्षहरू जुन पक्षलाई हामीले सोझै हेरेर अनुमान गर्न सकिन्छ भने अर्को संख्यात्मक पक्ष भन्नाले उनीहरूले दिएको जानकारीबाट के कति संख्याले दिएको उत्तरलाई संख्याको आधारमा प्रस्तुत गरिएको छ । आदि कुराको जानकारी प्राप्त गर्नु नै गुणात्मक र संख्यात्मक विधिको मुख्य भूमिका रहेको छ ।

### ३.६.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अर्न्तगत प्राथमिक तथ्याङ्क संकलन गर्ने क्रममा प्रश्नावली तयार पारि सोही प्रश्नवालीका आधारमा प्रत्येक घरमुली सगँ अर्न्तवार्ता तथा सहभागी अवलोकनलाई मुख्य आधार मानिएको छ । जसमा अध्ययन कर्ता प्रत्यक्षय रूपमा गई भेटघाट मार्फत तथ्य संकलन गरिएको छ ।

### ३.६.२. द्वितीय स्रोत

द्वितीय स्रोत अर्न्तगत विशेष गरेर लुहार जातिको आर्थिक पक्ष सग अध्ययन गर्ने संस्था र ती संस्थाहरूबाट प्रकाशीत पुस्तक, पत्र पत्रिकाहरू विभिन्न क्षेत्रमा अध्ययन अनुसन्धान गरिएका तथा सहभागी समाजशास्त्री तथा मानवशास्त्रीहरू द्वारा लिखित विभिन्न अनुसन्धान मुलक पुस्तक तथालेखको सहयोग द्वितिय स्रोतका रूपमा प्रयोग गरिएको छ ।

## ३.७ तथ्याङ्क संकलनका तरीकाहरू

### ३.७.१ अन्तरवार्ता

यस अध्ययनमा अन्तरवार्ता विधीको प्रयोग गरिएको छ । प्रत्यक्षय रूपमा अध्ययन क्षेत्रमा गई उत्तरदाताहरूलाई भेटी उनीहरूको बारेमा जानकारी लिईएको छ । प्रत्येक घर धूरिमा पुगी अन्तरवार्ता तथ्याङ्क संकलन गरिएको छ । उक्त अर्न्तरवार्तामा मुख्य गरी लुहारको आर्थिक पक्षसँग सम्बन्धीत विषयमा रहि उनीहरूको जातिमा आएको परिवर्तन र अन्य जातिको सम्बन्धको बारेमा सम्पुर्ण जानकारी लिइएको छ ।

### ३.७.२ प्रश्नावली

लुहार जातिको आर्थिक पक्षका जानकारीहरू प्राप्त गर्नका लागि उत्तरदाताहरूलाई प्रश्नावली मार्फत उत्तर सोध्ने कार्य गरिएको छ । प्रश्नमा शिखर जातिहरूको सम्पूर्ण पक्षसँग सम्बन्धित प्रश्नहरू बनाएको छ त्यस प्रश्न भित्र लुहारको पारिवारीक विवरण, आर्थिक विवरण, उनीहरूमा देखिएको परिवर्तनको कारण, र वाहुन जाति सगको सम्बन्धको बारेमा स्पष्ट पार्ने खालका प्रश्नावली अनुसूचीमा स्पष्ट पारिएको छ ।

## ३.८ तथ्याङ्कको विष्लेषण

यस शोध पत्रलाई अन्तिम रूप दिनको लागि अनुसन्धानको क्रममा लिएका तथ्याङ्कहरूलाई रेखाचित्र र तालिकाको माध्यमबाट स्पष्ट पार्ने गरी विष्लेषण गरिएको छ भने लिहारको व्यवसायमा आएको परिवर्तनसगै आर्थिक अवस्थामा आएको सुधारका बारेमा जानकारी प्राप्त गर्नका लागि तथ्याङ्कको विष्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्र र लुहार जाति

## ४.१ दार्चुला जिल्ला परिचय

नेपालको सुदूरपश्चिमाञ्ल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलका ४ जिल्ला मध्ये छुट्टै महत्त्व रहेको यो जिल्ला एसियाका दुई शक्तिशाली राष्ट्र भारत र चीनको सिमानासँग जोडिएको दार्जुला जिल्लाको नाम दार्चुला कसरी रहन गयो भन्ने सम्बन्धमा कुनै लिखित प्रमाण प्राप्त नभएता पनि विभिन्न किबंदन्तिहरू सुन्न पाइन्छन् । दार्चुला शब्द उच्चारण गर्दा दारचूला भए पनि स्थानीय भाषाको दुईवटा शब्द धार र चूलाबाट विकसित भएको हो । स्थानीय भाषामा धारको अर्थ पहाडको अग्लो चुचुरो र चुलाको अर्थ चुल्हो हुन्छ । यस भेगमा खान पकाउन प्रयोग गरिने चुल्होहरू प्रायः एक समानका तिनवटा ढुङ्गाहरूमा माटो पोतेर चुचुरोको आधारमा बनेको हुन्छन् । यसरी तिनै तिर चुचुरो (धार) जस्तो चुल्हो बनाई खान पकाउने ठाउँ भएकाले धारचुला नाम रहेको र धारचुला पछि अपभ्रम्स भई दारचुला र त्यसपछि दार्चुला बन्न गएको हो भन्ने एक थरिको भनाई रहेको छ ।

अर्को किबंदन्तिअनुसार यहाँ स्थित तिन वटा पहाडका चुचुराहरू वर्तमानमा एक पहाड भारत र दुईवटा पहाड नेपालमै रहेका छन् । फेदीबाट हेर्दा धार परेको जस्तो स्थीय चुल्होको आकारमा चुचुरो देखिन्छ । प्राचिन कालमा व्याँस हिमालबाट व्याँस ऋषित पस्या गरी फर्कदा यी तिन धारहरूको चुल्हो बनाई भात पकाई खाएको हुनाले यो ठाउँको नाम धारचूला रहन गएको र धारचूला शब्द अपभ्रम्स भई दार्चुला रहेको हो भन्ने अर्को भनाई रहेको छ । दार्चुला जिल्लाको सिमाना चीनको तिब्बत क्षेत्र सित जोडिएको छ । तिब्बतसँग व्यापार गर्ने यहाँको प्रमुख नाकाको रूपमा व्याँस क्षेत्र रहेको छ । व्याँसबाट तिब्बत क्षेत्रमा आवत जावत गर्दा एउता भन्ज्याङ पार गरी जानुपर्ने हुन्छ । जसलाई तिब्बति भाषा ‘ला’ भनिन्छ । यो भन्ज्याङ तिब्बत सित व्यापार गर्नेद्वार (बाटो) भएकाले द्वार र ला शब्दहरू मिलि दार्चुला नाम रहन गएको हो भन्ने पनि भनाई पाइन्छ ।

यस जिल्लाको पूर्वमा बझाङ जिल्ला, पश्चिममा भारतको उत्तराखण्ड प्रदेशको पिथौरागढ, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षितमा बैतडी जिल्ला रहेका छन् । विश्व मान चित्रमा २९ डिग्री २६ मिनेट पूर्वदेखि ३० डिग्री १५ मिनेट उत्तरी अक्षांश र ८०

डिग्री २२ मिने पूर्वदेखि ८१ डिग्री ०९ मिने पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल २३२२ वर्ग कि.मि. छ । समुद्री सहतबाट ५१८ मी. देखि ७१३२ मी.सम्म उचाइ रहेको छ । वार्षिक औषत वर्षा २१२९ मी.मी. रहेको त्यस्तै औषत तापक्रममा न्यूनतम ५.७० से. अधिकतम २८.६० से. रहेको पाइन्छ । यस जिल्लाको अग्लो अपी हिमाल, लिपु लेख आदि जिल्लाको आकर्षणको केन्द्र रहेका छन् । यस्तै चीनको तिब्बत क्षेत्रमा अवस्थित हिन्दूहरूको महत्त्वपुर्ण तीर्थ स्थल तथा पर्यटकीय महत्त्व समेत बोकेको मानसरोवर जाने प्रमुख मार्गको रूपमा समेत दार्चुला जिल्ला रहेको छ । यस जिल्लाको सदरमुकाम खलंगा महाकाली नदीको किनारमा भारतको धारचुला सित जोडिएर रहेको छ ।

दार्चुला जिल्ला एक संसदीय विकास क्षेत्र, १० वटा ईलाका, १ वटा नगरपालिका र ३६ वटा गा.वि.स.हरूमा विभाजित छ । यस जिल्लाका ७ वटा गा.वि.सहरू नगरपालिका भारतीय सीमासँग महाकाली नदीले छुट्याएको छ, भने व्यास गा.वि.स. चीन र भारत दुबैसँग जोडिएको छ । २०६८ सालको राष्ट्रिय जनगणनाअनुसार दार्चुला जिल्लाको कुला जनसङ्ख्या १३३२७४ रहेको छ । जसमध्ये पुरुषको सङ्ख्या ६३६०५ रहेको छ भने महिलाको सङ्ख्या ६९६६९ रहेको छ, दार्चुला जिल्लामा कुला घरधुरी सङ्ख्या २४६१८ रहेको छ साथै दार्चुलाको औसत घरधुरी आकार ५.४१ र जनघनत्त्व ५७ प्रति वर्ष कि.मी. रहेको छ भने जिल्लाको वार्षिक जनसङख्या वृद्धिदर ०.९% रहेकामा लैङ्गिक अनुपात ९३.३ रहेको छ । साथै सिजल्लामा २६.४९% घरधुरीमा विद्युत सेवा पुगेको छ भने ३३.०५% घरधुरीमा सोलार सुविधा रहेको छ । दार्चुला जिल्लाको कुला साक्षरता दर ६५.३६ प्रतिशत रहेकोमा महिला साक्षरता दर ५२.८८ प्रतिशत साक्षरता दर ७९.२६ प्रतिशत रहेको छ । २०६८ सालको राष्ट्रिय जनगणनाअनुसार दार्चुला जिल्लमा ८२.५६% खानेपानी सुविधा पुगेको देखिन्छ र सरसफाईमा ४६.७७% दार्चुलावासीको मात्र चर्पीको सुविधा प्राप्त गरेका छन् । यसरी हेर्दा राष्ट्रिय सरसफाईको तथ्याङ्कभन्दा १५% पछाडि रहेको देखिन्छ । दार्चुला जिल्लालाई खुल्ला दिस मुक्त क्षेत्र तथा सरसफाई क्रियाकलाप कार्यान्वयन गर्न विभिन्न कार्यालय संघ संस्थाको सक्रिय भुमिका रही आउँदा आ.व. २०७२ फागुन सम्ममा ३२ गा.वि.स. र अपी नपा.का ३ वडा (सविकको छापरी गा.वि.स) खुल्ला दिशा मुक्त गा.वि.स. घोषणा भई सरसफाईमा ९०.१७% पहुँच पुगेको छ ।

अतिशित, सितोष्ण, समसितोष्ण, अर्ध उष्ण, लेकाली हावापानी भएको दार्चुला जिल्लाको भू उपयोगको अवस्था विश्लेषण गर्दा कुल क्षेत्रफल २३२९५९.५ हे. मध्ये

खेतियोग्य जमीन ६१२१५ हे., वनको क्षेत्र ७२९८२.३ हे., चरन क्षेत्र २४.९६४ हे, झाडिबुटा ६५५५.२ हे., अन्य ६७२४३ हे. रहेको छ । पहाडी प्रदेश अन्तर्गत यस जिल्लाको मध्य भागमा रहेको उच्च समस्थली यस प्रदेश अन्तर्गत पर्दछन् । समथर भू-भागको तुलनामा केही कम उत्पादन हुने भएता पनि अपेक्षाकृत उब्जाउ क्षेत्र नै मानिन्छ । शंकरपुर, भगवती, सर्मोली, रानीशिखर, रिठाचौपाता, ग्वानी, डाडाकोट, हिकिला आदि गा.वि.स.हरू यस प्रदेशका प्रमुख उदाहरण हुन् । लेकाली प्रदेश अन्तर्गत प्राकृतिक सौन्दर्यताले सिंगारिएको तर उत्पादनका दृष्टिकोणले कम उर्बरक क्षेत्र लेकाली प्रदेश अन्तर्गत पर्दछ, प्रायः हेमन्त ऋतुमा हिमपात हुनु यस प्रदेशको विशेषता हो । लेकाली प्रदेश अन्तर्गत सुन्सेरा, राप्ला, खण्डेश्वरी, घुसा, इयरकोट आदि गा.वि.स.हरू पर्दछन् ।

हिमाली प्रदेश अन्गतर्गत जिल्लाको उत्तर पट्टीको चीनको तिब्बतसँग सीमा जोडिएको सामान्यतया बाह्रै महिना हिउँले ढाकिएको क्षेत्रमा उत्पादन मात्रै होइन मानिसहरूको बसोबास समेत नगण्य छ । हिँउदमा तल वेशी खलंगा तिर झर्ने र गृष्ममा फर्किने यहाँ बसोबास गर्ने (सौका) समुदायको प्रमुख विशेषता बोकेको व्यास गा.वि.स. यस प्रदेश हो ज्वलन्त उदाहरण हो । यस जिल्लाको भौगोलिक बनोटमा देखिएको विविधता झैं हावापानी तथा वातावरणमा पनि विषमता देखिनु अतिसयोक्ति नहोला । तसर्थ दार्चुला जिल्लाको हावापानीलाई विविध तरिकामा विभाजन गर्न सकिन्छ । जिल्लाको पश्चिम दक्षिणमा नदीका समथर वेशीहरूमा उष्ण हावापानी पाइन्छ । ग्रीष्ममा अत्याधिक गर्मी र हिउदमा आंसिक रूपमा चिसो हुनु यस हावापानीको मुख्य विशेषता हो । खास गरी गोकुलेश्वर, तत्तु, लाली, उकु आदि गा.वि.स.हरू जुन समुद्र सहतदेखि करिब ५१८ मी. को उचाईमा रहेका छन्, त्यहाँ यस किसिमको हावापानी पाइन्छ ।

समसितोष्ण हावापानी जिल्लाको मध्ये भागमा रहेको गा.वि.स.मा यस किसिमको हावापानी पाइन्छ । गृष्ममा त्यती गर्मी र हिउँदमा साह्रै चिसो अनुभूती नहुनु यो हावापानीको मुख्य विशेषता हो । रिठाचौपाता, शंकरपुर र छापरी आदि यस किसिमको हावापानी पाइने गा.वि.स.हरू हुन भन्न सकिन्छ । यस जिल्लामा सितोष्ण, सम सितोष्ण, अतिशीत हावापानी यस जिल्लामा ५ किसिमका वनहरू पाइन्छन्, जसअनुसार कोणधारी वन, हार्डउड वन, मिश्रित वन, झाडी बुट्यान, अन्य रहेका छन् । यस जिल्लाको वनको कुल क्षेत्रफल ७२९८२.३ हे. रहेको छ । जसमध्ये सामुदायिक वन क्षेत्रले ओगेको क्षेत्रफल ३७२.७१ हे. उपभोक्ता समितिहरूलाई हस्तान्तरण गरी सकिएको छ ।

आइ.सि.आइ.ए.ओ.डि. (१९९७) का अनुसार वन जंगलमा आश्रित घर सङ्ख्या २७.५% रहेको छ । यस जिल्ला भत्रि पाइने वनस्पतिहरू मध्ये देवदार, बाज, सल्लो, साल, टुणी, उतीस, सिमल, चिउरी, लालीगुराँस, बाँस, कोइराला, साज, सानन, धुईयो, मौनेठी, पैंयो, जामुन जस्ता वनस्पतीका साथै यार्सागुम्बा, पाँचऔले, झयाउ, भुतकेश, भोजपत्र, भ्याकुर, दालचिनी, टिमुर, पाषाणदेव, पदमचाल, दारुहल्दी, तितेपाती आदि जटिबुटी समेत पाइन्छ । यो जिल्ला पर्यकटीय क्षेत्रमा पनि धनि रहेको छ, यस जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रहरूमा अपी हिमाल, व्यास हिमाल, नाम्पा, महलको भग्नावशेष (उकु), सुरमासरोवल ताल, लिपु लेक ५०० मि. धर्मी गुफा, शिखर डाडा, मालीकाजुर्न मन्दिर, हुनैनाथ मन्दिर, जयपुर मन्दिर, बन्तोली मन्दिर, महलको भग्नावशेष देवल, गोकुलेश्वर शिव मन्दिर रहेका छन् (राष्ट्रिय जनगणना, २०६८ केन्द्रीय तथ्याङ्क विभाग) ।

## ४.२ अध्ययन क्षेत्र

सूदुरपश्चिम नेपाल दार्चुला जिल्ला ३६ गा.वि.स. मध्ये सदरमुकाम खलंगा देखि १० घन्टा पैदल यात्रा र यातायतको साधनबाट ४ घन्टामा पुगिने यस शोध अध्ययन क्षेत्र रहेको शिखर गा.वि.स प्राकृतिक दृष्टिकोणले निकै राम्रो मानिन्छ । यस गा.वि.स मा विकासका दृष्टिकोणबाट हेर्दा यो गा.वि.स अगाडी नै भएको पाईन्छ । यस शिखर गा.वि.स.मा शिक्षा क्षेत्रमा पनि प्रमाणपत्र तहसम्म पढाई हुने विद्यालय रहेको छ त्यसैगरी ३० मेगावाटको चमेलिया जलविद्युत आयोजना पनि निर्माणाधिन अबस्थामा रहेको छ भने अन्य गा.वि.सबाट पढ्न आउने विद्यार्थीका लागि छात्रावासको पनि सुविधा रहेको छ ।

त्यस्तै गरी यहाँका मानिसहरूको मुख्य पेशा कृषि भएता पनि अन्य रोजगारिमा उत्तिकै मात्रामा रहेका छन् । त्यस कारण यहाँ मुख्य गरी शोध पत्रमा आधारीत रही यस ठाँउका लुहार जातिको व्यवसायीक पक्षसँग सम्बन्धित रहेर व्याख्या गर्नु पर्दा यस गा.वि.स. का लुहारहरू विभिन्न कारणबाट पछाडी देखिएको छ । यहाँका लुहार जातिको आर्थिक अवस्था किन पछाडी परी रहेको छ भन्ने कुराको अध्ययन गरियो । यिनीहरू सामाजिक, आर्थिक तथा शैक्षिक एवं राजनैतिक पहुचका हिसावले समेत पछाडी परेको देखिन्छ ।


यस गा.वि.स.मा वाहुन र क्षेत्री पछि जनसांख्यिकीय रूपमा लुहारहरूको वाहुल्यता नै देखिन्छ । तर पनि यिनीहरूलाई हरेक क्षेत्रमा अरु जातिबाट पीडीत हुन परेको छ । तर अहिलेको समयमा हेर्दा यस जातिको व्यावसायीक अवस्थामा पहिला भन्दा निकै सुधार हुदै आएको पाइयो । लुहारहरूको परम्परागत पेशामा मात्र सिमीत नरही अन्य पेशा तथा व्यवसायहरू अपनाउन थालेको छ । यस जाति शिक्षामा पनि अगाडी बढ्ने क्रममा नै

बढेको छ । तर यस दलित जातिमा आर्थिक अवस्थाका कारण अझ यिनीहरूको जिवन स्तरमा पूर्ण रूपमा सुधार आउन सकेको छैन् त्यस कारण लुहार जातिका समस्याहरूलाई खोजी गरी अनुसन्धान गर्न अनुसन्धान कर्ताले लुहार जातिलाई अध्ययनको विषय वनाएको हो । यस अध्ययनमा लुहार जातिको व्यवसायीक पक्षलाई मुख्य रूपमा प्रष्ट पार्नेकोसीस गरिएको छ । मुख्य गरी अध्ययनको उद्देश्यलाई तिन वटा कुराहरूमा आधारीत रहि लुहार जातिको व्यवसायीक पक्षको अध्ययन गर्नु, वर्तमान अवस्थामा यस जातिमा देखा परेका विभिन्न परिवर्तन बारे खोजि गर्नु, यस जाति सगँ अन्य जातिको सम्बन्ध बारे पत्ता लगाउनु, भन्ने कुरालाई स्पष्ट पार्न शोध कर्ताको मुख्य उद्देश्य रहेको छ । शिखर गा.वि.सको वडा नं १ लाई मुख्य अध्ययन क्षेत्रको रूपमा लिएको छ । यस शिखरको जनसंख्या २०८५ रहेको छ भने यस गा.वि.स मा ३७४ घरधूरी रहेको तथ्याङ्क छ । यस गा.वि.स मा रहेका लुहार जातिहरूको आर्थिक एंव व्यवसायीक अवस्थाका बारेमा तालिकीकरणको माध्यमबाट प्रष्ट पारिएको छ ।

### ४.२.१ उत्तरदाताको लिङ्गको विवरण

यस शिखर गा.वि.सको वडा नं १ मा बसोबास गर्ने लुहारजातिहरूको घरधूरी संख्याबाट जम्मा ३५ घरधूरीहरूलाई अध्ययनमा समेटिएको छ । त्यसकारण अनुसन्धानको क्रममा अन्तरवार्ता लिन घरधूरीसम्म पुगी प्रश्न मार्फत उत्तर खोज्ने प्रयास गरियो । त्यसक्रममा अध्ययनकर्ताले उत्तरदाताको बारेमा लिएको तथ्यांकलाई तलको रेखा चित्रबाट स्पष्ट पारिएको छ ।

**रेखाचित्र नं १ :उत्तरदाताको लिङ्गको विवरण**





**स्रोत : स्थलगत अध्ययन, २०७३**

यहाँ रेखाचित्र नं १ अनुसार, ३५ घरधूरी मध्येमा उत्तरदातासगँ प्रश्न सोध्ने क्रममा ८ जना महिलाहरू घरमूली रहेको पाइयो भने पुरुषहरू २७ जना घरमूली रहेको पाइयो । यसरी हेर्दा प्रत्येक घरमा पुरुषहरू नै घरमूलीको स्थानमा अगाडी रहेको अध्ययनले स्पष्ट देखाउछ ।

### ४.२.२ उत्तरदाताको धर्मको विवरण

नेपाल हिन्दु राष्ट्र भएता पनि पछिल्लो समयमा धर्म परिवर्तन गर्ने चलन बढ्दै गएको पाईन्छ । तर यहां सबै हिन्दु धर्म नै मान्ने भएता पनि हामीले धर्मको बारेमा लिएको तथ्यांकबाट निम्न विवरण पाइयो ।

**रेखाचित्र नं २ :उत्तरदाताको धर्मको विवरण**




**स्रोतः स्थलगत अध्ययन, २०७३**


यस रेखाचित्र नं २, अनुसार ३५ घरधूरीबाट गरिएको अध्ययनमा सम्पूर्ण हिन्दु धर्म मान्ने भेटियो भने अन्य धर्म मान्ने परिवार भेटिएन त्यस कारण स्पष्ट हुन्छ की नेपालमा हिन्दु धर्म मान्नेको संख्या बढी छ भन्ने कुरा स्पष्ट हुन आउछ ।

### ४.२.३ उत्तरदाताको पेशाको विवरण

मानिसहरूले आफ्नो जिवनयापन गर्नका लागि केही न केही पेशा अपनाएको पाईन्छ । त्यस कारण यहाँका लुहार जातिहरूले पनि विभिन्न पेशा तथा व्यवसाय अपनाएको पाईन्छ । यहाँको लुहारजातिहरूको मुख्य परम्परागत पेशा तथा विभिन्न डिजाइनका भाडाका

समान बनाउनु रहेता पनि विस्तारै विस्तारै त्यस पेशालाई छाडेर अहिले मुख्य पेशा कृषि, मजदुरी, जागिर, डकर्मी, तथा वैदेशिक रोजगारिमा सम्लग्न रहेका छन् । जसलाई यहाँ रेखाचित्रबाट स्पष्ट पार्न सकिन्छ ।

**रेखाचित्र नं ३ : उत्तरदाताको पेशाको विवरण**





**स्रोत : स्थलगत अध्ययन, २०७३**

यस रेखाचित्र नं ३ अनुसार, लुहारहरू कृषि पेशामा १० जना रहेका छन् । निजामती सेवामा २ जना रहेको पाइयो । सबभन्दा बढी दैनिक ज्यालादारीमा काम गर्ने १२ जना रहेका छन् । दैनिक ज्यालामा काम गर्नेहरू बढी घर बनाउने, काठको काम तथा अन्य काम गर्ने गरेको पाइयो । लुहारहरूको जातिय पेशा विस्तारै लोप हुदै गएको पाइयो । जातिय पेशा अपनाउनेमा ५ जना मात्र भेटियो । लुहारहरूको जातिय पेशा हराउदै जानुमा पहिलाका वुढाहरूको मृत्यु पश्चात पछिल्लो पुस्ताहरूले त्यस पेशा तर्फ काम गर्न चासो नदेखाउनु मुख्य कारण रहेका छन् । लुहारहरूमा पहिला भाडाको काम गर्नेलाई लुहार र सुनको काम गर्नेलाई सुनार भन्ने चलन थियो । यस अध्ययनमा अन्य काम गर्ने जम्मा २ जना रहेको पाइयो । यस कारण यस गा.वि.स का लुहारहरूको मुख्य पेशा भाडा बनाउनु हो भने अन्य विभिन्न पेशाहरूबाट जिवन चलाउदै आएको कुरा स्पष्ट देखिन्छ ।

### ४.२.४ उत्तरदाताको शैक्षिक स्थितिको विवरण

मानव जिवनका लागि शिक्षा अहिले आधारभूत आवश्यकता वनेको छ । त्यसकारण शिक्षा नै मानिसको जिवनमा अति आवश्यक नभई नहुने कुरा हो । शिक्षाले नै मानिसको जिवनलाई सरल र सभ्य वनाउदछ । मानिसलाई ज्ञान, सिप, दक्षताका साथै जीवन जिउने आधार शिक्षा हो । लुहार जातिहरूको शिक्षामा कमी देखिन्छ किन भने उनीहरूको चेतनामा विकास हुन नसक्नु र मुख्य कारण आर्थिक पक्ष बलियो हुन नसके पछि यि लुहारहरूको शिक्षामा निम्न अवस्था रहेको पाईन्छ । त्यस कारण यस अध्ययनमा हामीले उत्तरदातासाग अन्तर्बार्ता गर्ने क्रममा उनीहरूको शैक्षिक स्थितीबारे बुझ्दा निम्न स्थिती पाइयो । यसलाई तलको रेखाचित्रबाट स्पष्ट पार्न सकिन्छ ।

**रेखाचित्र नं ४ : उत्तरदाताको शैक्षिक स्थितीको विवरण**




**स्रोत : स्थलगत अध्ययन, २०७३**

माथिको रेखाचित्र नं. ४ बाट के स्पष्ट हुन्छ भने यस वडा नं. १ मा ३५ घरहरू मध्येका उत्तरदाताहरू मध्ये १७ जना निरक्षर छन् भने जम्मा १० जना साक्षर छन् । त्यस मा एस.एल.सी. उत्तीर्ण गरेका घर मूली ६ जना रहेको र प्रमाणपत्र तह उत्तीर्ण गरेका २ जना पाइयो । यसरी हेदा के स्पष्ट हुन्छ भने लुहारहरूमा निरक्षरता प्रतिशत बढी पाईन्छ । साक्षरता जम्मा २८.५७ प्रतिशत छ । यसकारण यो कुरा स्पष्ट हुन आउछ की लुहारहरूको शैक्षिक अवस्था निम्न रहेको देखियो । अहिले उत्तरदाताको सबै वालवच्चाहरूलाई विद्यालय पठाउने गरेको देखिन्छ ।

### ४.२.५ उत्तरदाताको परिवारको किसीमको विवरण

परिवार मानिसहरूको एउटा महत्बपूर्ण संस्था हो । मानिसहरू पारिवारिक संरचनामा आवद्ध भएर आफ्ना सामाजिक पारिवारिक आवश्यकता पूरा गरिरहेका हुन्छन् । त्यसैले सम्बन्धित समूदायको पारिवारिक संरचना कस्तो छ भनी जानकारी लिनु निकै आवश्यक हुन्छ । त्यसकारण यस गा.वि.स वडा नं. १ मा बसोबास गर्ने लुहारजातिहरूको पारिवारिक किसीम कस्तो छ भनी हामीले उत्तरदातासँग सोधिएको आधारमा लुहारहरूको पारिवारिक किसीमको विवरणलाई तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं १: उत्तरदाताको पारिवारिक किसीमको विवरण**

| परिवार | संख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त | १३ | ३७.१५ |
| एकल | २२ | ६२.८५ |
| जम्मा | ३५ | १०० |

**स्रोत :स्थलगत अध्ययन, २०७३**

तलिका नं. १ बाट के स्पष्ट हुन्छ भने यहा ३५ घरधुरीमा बसोबास गर्ने लुहारहरूमा ३७.१५ प्रतिशत अर्थात १३ घरपरिवार संयुक्त रूपमा बसोबास गरेको पाइयो भने ६२.८५ प्रतिशत अर्थात २२ जना एकल परिवारमा बसोबास गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने लुहार जातिहरूमा पनि संयुक्त परिवारभन्दा एकल परिवारमा बसोबास गर्नेको संख्या बढी भएको देखियो । पहिला पहिला यिनीहरूमा संयुक्त परिवारको संख्या बढी हुन्थ्यो भने पछिल्लो समयमा यस लुहार जातिहरू पनि विवाह गरे पछि छुट्टि भिन्न भई छुट्टै बस्ने गरेको पाइयो । यस जातिमा विवाह गरे पछि चाडै नै बाबु आमा अर्थात दाजु भाईबाट अलग भई बसोबास गर्ने घर बनाउने वा धन्सारमा बस्ने गरेको पाइयो । यसले गर्दा अहिलेको स्थितीमा संयुक्त परिवार भन्दा एकल परिवार संख्या बढी देखियो । सानो परिवार बुढाबुढी र आफ्ना सन्तान मात्र रहने प्रवृति रहेको छ । छोरी भए विवाह गरे पछि अर्काको घरमा जाने छोरा भए विवाह गरे पछि श्रीमती लिएर भिन्दै वस्दै जाने क्रममा वुढेस कालमा आमा वावुलाई सन्तानले राम्रोसँग नहेरेको र दुःख पाएको कुरा पनि यस अध्ययनमा जानकारी पाइयो ।

### ४.२.६ उत्तरदाताको आर्थिक अवस्थाको विवरण

मानिसहरूको जिवनको सबै भन्दा महत्बपूर्ण पक्ष भनेको नै आर्थिक पक्ष हो । आर्थिक स्थिती राम्रो छ भने मानिसलाई जिवनयापन गर्न सजिलो हुन्छ भने आर्थिक पक्ष कमजोर भएमा जिवन कष्टकर र जिवन धान्न निकै कठिन स्थिती हुन्छ । गरिवी वढ्छ त्यस कारण मानिसका लागि आर्थिक पक्ष कमजोर भयो भने ऊ हरेक कुराहरूबाट वञ्चित हुनु पर्दछ । त्यसैले यस लुहार जातिहरूको आर्थिक स्थिती कमजोर हुने भएकाले यिनीहरूको जिवन माथि उठ्न सकीराखेको छैन । त्यस कारण हामीले यस ३५ घरधूरीमा गरिएको अध्ययनले पनि के देखाउछ भने लुहारहरूको आम्दानीबाट ३ महिना भन्दा खान पुग्दैन् । उनीहरूको मुख्य पेशा कृषि मानेता पनि अन्य काम नगरी जिवन धान्न गाहो परिरहेको छ । यसैले हामीले उनीहरूको स्थिती बारेमा अध्ययन गर्दा उनीहरूको स्थिती निम्न देखिएको कुरा तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं २: उत्तरदाताको आर्थिक अवस्थाको विवरण**

| आर्थिक स्थिती | संख्या | प्रतिशत |
|---|---|---|
| उच्च | ५ | १४.२८ |
| मध्यम | ८ | २२.८६ |
| निम्न | २२ | ६२.८६ |
| जम्मा | ३५ | १०० |

**स्रोत :स्थलगत अध्ययन, २०७३**

यस गा.वि.स वडा नं १ मा ३५ घरधुरीमा गरिएको अध्ययनबाट के स्पष्ट हुन आउछ भने लुहारहरूको आर्थिक स्थिती उच्च हुने परिवारमा विभिन्न काम तथा रोजगारिमा सम्लग्न भएका परिवारहरूको स्थिती १४.३८ प्रतिशत अर्थात् ५ घरपरिवारको स्थिती राम्रो रहेको पाइयो । उनीहरूमा परिवारका सदस्यहरू विदेश गएको र जमिन पनि ५, ६ हल भएकाले गर्दा खान लाउन पुग्ने उच्च छ भन्ने परिवार भेटिए । २२.८६ प्रतिशत अर्थात २२ घरपरिवारहरूमा आर्थिक अवस्था मध्यम खालको रहेको पाइयो । जसमा उनीहरूले आफ्नो जमिन थोरै भएता पनि साहुको जमिन कमाएर खाने तथा अन्य कामहरू गर्दा समान्य जिवन स्तर मध्यम खालको पाइयो । दु:ख गरेवापत सामान्य खान लगाउन पुग्ने छ भन्नेहरूमा २२ घरपरिवारहरू भेटिए, त्यस्तै गरी ६२.८६ प्रतिशत अर्थात् २२ जनाको आर्थिक स्थिती ज्यादै न्यून रहेको पाइयो । उनीहरूको आफ्नो जमीनको नाममा सानो

घडेरी मात्र भएको र सम्पूर्ण भर श्रम गरेर खानु पर्ने दैनिक ज्यालादारिमा जिवन चलाएको र काम गर्न नपाउदा विहान वेलुको छाक टार्न पनि वडो दुःख हुने स्थिती भएका लुहारहरूमा २२ घरपरिवार भेटिए । यसरी लुहार जातिहरूका पनि उनीहरूको स्तरीकरण बराबर नभएको तथ्य यस अध्ययनबाट जानकारी प्राप्त भएको कुरा स्पष्ट हुन आउछ ।

### ४.२.७ उत्तरदाताको जग्गाको स्वामित्बको विवरण

यस समुदायमा बसोबास गर्ने ३५ घरधुरी मध्ये अधिकांशको भू स्वामित्व स्थिती न्यून देखिएता पनि घरवास भने स्वामित्बको जमिनमा रहेको छ । बाँकी खेतियुक्त जमिन कम छ । भएको जमिन पनि पत्थर युक्त माटो खोल्सा खोल्सी तथा चौर विराएर वनाएको जमिन हुनाले त्यती खेति योग्य जमिन नरहेको स्थिती देखियो । यसमा लुहारहरूले आफ्नै प्रशस्त जमिन नभए पनि धनि जग्गा वालाको जमिन अधिया कमाएर आधा जग्गा धनीलाई दिने र आधा उब्जनी आफूहरू खाने गरेको पाइयो । त्यसैले हामीले यस अध्ययनमा लुहारहरूको आफ्नै जग्गा मात्र कति छ भन्ने कुराको जानकारी प्राप्त भएअनुसार तलको तालिकामा स्पष्ट पारिएको छ ।

**तालिका नं ३ : उत्तरदाताको जग्गाको स्वामित्बको विवरण**

| जग्गा | संख्या | प्रतिशत |
|---|---|---|
| १ देखि ३ हलसम्म | २४ | ६८.५७ |
| ३ देखि ६ हलसम्म | ८ | २२.८६ |
| १ देखि २० दुरसम्म | ३ | ८.५७ |
| जम्मा | ३५ | १०० |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

तालिका नं. ३ अनुसार के स्पष्ट हुन्छ भने ३५ लुहार घरपरिवारमा भूमिहिन घरपरिवारकोहि पनि रहेको पाईएन । सबैको थोरै भए पनि आफ्नो जमिन रहेको भेटियो । यसै क्रममा लुहारहरूको जग्गाको स्वामित्ब बारेमा २५ घरधुरीमा १ देखि ३ हलसम्म जमिन रहेको छ भने ८ घरधुरीको ३ देखि ६ हलसम्म जमिन भएको पाइयो । ३ घरधुरीको १ देखि २० दुर मात्र जमिन रहेको पाइयो । यस तालिकाले के स्पष्ट देखाउछ भने जमिन हुनेहरूको पनि घडेरी मात्र भए पनि आफ्नो भएको कुरा स्पष्ट हुन आउछ ।

### ४.२.८ उत्तरदाताको खाद्य आपूर्ति सम्बन्धी  विवरण

यस शिखर गा.वि.स का लुहार जातिहरूको मुख्य पेशा कृषिबाट उनीहरूले के कति उत्पादन गर्दा रहेछन् र उत्पादनबाट कति समय खान पुग्दो रहेछ भनी गरिएको अध्ययन तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका नं ४: उत्तरदाताको खाध्य आपूर्ति सम्वन्धि विवरण**

| समय | संख्या | प्रतिशत |
|---|---|---|
| १ देखि ३ महिनासम्म पुग्ने | २२ | ६२.५८ |
| ३ देखि ६ महिनासम्म पुग्ने | ४ | ११.४३ |
| ६ देखि १२ महिनासम्म पुग्ने | ४ | ११.४३ |
| कति पनि नपुग्ने | ५ | १४.२६ |
| जम्मा | ३५ | १०० |

**स्रोत :स्थलगत अध्ययन, २०७३**

यहाँ तालिका नं ४, अनुसार ३५ घरपरिवार मध्येका लुहार परिवारहरू मध्येमा ६२.५८ प्रतिशत अर्थात २२ जना घरपरिवारमा १ महिनादेखि ३ महिनासम्म आफ्नो जग्गाको उत्पादनबाट खान पुग्ने परिवार संख्या देखियो । त्यस्तै ११.४३ प्रतिशत अर्थात ४ घरपरिवारमा ३ महिना देखि ६ महिनासम्म आफ्नो जग्गाको उत्पादनले खान पुग्ने देखियो । त्यस्तै गरी ६ देखि १२ महिनासम्म पुग्छ भन्नेमा ११.४३ प्रतिशत अर्थात ४ घरपरिवार नै भेटियो । कत्ति पनि खान पुग्दैन भन्नेहरूमा १४.२६ प्रतिशत अर्थात ५ घरपरिवारहरू पाइयो । ४० प्रतिशतमा घर मात्र घडेरीको रूपमा रहेको अरु उत्पादनको जमिन नरहेको र आफूले जमिन किन्न पनि नसकेको आफ्नो जमिन नभए पछि कमाएको पैसा खानमा नै खर्च हुने र अन्य जग्गा जमिन किनेर जोड्न नसक्नेमा १० घरधूरीहरू रहेको यस अध्ययनबाट स्पष्ट हुन आउछ ।

### ४.२.९ उत्तरदाताको ऋण उपलब्धताको स्रोत विवरण

मानिसहरूमा जिवन धान्नको लागि आर्थिक पक्षको आवश्यकता पर्दछ । मानिस सबै सम्पन्नताले भरिपूर्णकोही पनि हुँदैन । त्यस कारण आर्थिक पक्षबाट जिवन चलाउनको लागि आफूबाट मात्र पूर्ति गर्न नसक्ने अवस्थामा कुनै माध्यमबाट आर्थिक पक्षको समस्यालाई समाधान गर्नु पर्ने हुन्छ । त्यसैले यहाँका लुहार जातिको आफ्नो आर्थिक आवश्यकता कुन

माध्यमबाट समाधान गर्नु भएको छ वा ऋणको स्रोत कुन हो भनी सोध्ने प्रयास गरिएकोमा उनीहरूले दिएको जानकारीलाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ५ : उत्तरदाताको ऋण उपलब्धताको स्रोत विवरण**

| स्रोत | संख्या | प्रतिशत |
|---|---|---|
| साहु | २४ | ६८.५८ |
| बैंक | ४ | ११.४३ |
| सहकारी | २ | ५.७२ |
| छरछिमेक | ५ | १४.२७ |
| जम्मा | ३५ | १०० |

**स्रोतः स्थलगत अध्ययन, २०७३**

यस तालिका नं. ५ अनुसार लुहारजातिहरूले उपलब्ध गर्ने ऋणको श्रोत मध्येमा ६८.५८ प्रतिशत अर्थात २४ घरपरिवारले साहुहरूबाट ऋण लिने गरेको पाइयो । ११.४३ प्रतिशत अर्थात ४ घरपरिवारले वैंकबाट ऋण लिने गरेको पाइयो । त्यस्तै गरी ५.७२ प्रतिशत अर्थात २ घरपरिवारले गाँउको सहकारी संस्थाबाट ऋण उपलब्ध गरेको पाइयो भने ५ प्रतिशत अर्थात १४.२७ घरपरिवारले गाँउमा नै छर छिमेकबाट ऋण उपलब्ध पर्ने गरेको पाइयो । यस कारण यो कुरा स्पष्ट हुन्छ की लुहारहरूको आर्थिक अवस्था कमजोर भएता पनि उनीहरूले विभिन्न श्रोत माध्यमबाट आफ्ना आर्थिक समस्याहरूलाई समाधान गर्ने गरेको कुरा स्पष्ट हुन आउँछ ।

### ४.२. १० उत्तरदाताले पालेका पशुपंक्षीको विवरण

नेपालको आर्थिक स्रोतको एउटा प्रमुख क्षेत्र मध्ये पशुपालन पनि एक हो । कृषि पेशा र पशुपालन एक अर्कासँग सम्बन्धीत पेशा हुन । गाउँ घरका मानिसहरूको एउटा नगद आम्दानीको मुख्य स्रोत पशुपालन हो । पशुपालनबाट मानिसहरूले आम्दानीको स्रोतलाई बढाएको पाईन्छ । पशुपालनबाट एक तर्फ कृषि पेशा गर्नेहरूका लागि मल हुन्छ भने अर्को तर्फ खसी बाखा कुखुरा मासु खानको लागि पाल्ने गरिन्छ । त्यस्तै गरी यस गा.वि.स मा बसोबास गर्ने लुहारहरूमा पनि पशुपालन मुख्य स्रोतको रूपमा लिएको पाईन्छ । उनीहरूले पशुपालनमा गाई, भैसी, गोरु, कुखुरा, खसी बाखा, तथा वन्गुर र सुगुर

पालेर आफ्नो नगद आम्दानी गर्ने गरेको पाइयो । त्यस कारण लुहारहरूले पालेका पशुपंक्षीहरूलाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं ६: उत्तरदाताले पालेका पशुपंक्षीको विवरण**

| पशुपंक्षी | संख्या | प्रतिशत |
|---|---|---|
| भैसी, गोरु, बाखा, कुखुरा,पाल्ने | १७ | ४८.५७ |
| कुखुरा, बाखा, सुगुर, पाल्ने | १० | २८.५७ |
| कुखुरा मात्र पाल्ने | ४ | ११.४३ |
| केही पनि नपाल्ने | ४ | ११.४३ |
| जम्मा | ३५ | १०० |

**स्रोतः स्थलगत अध्ययन, २०७३**


यस तालिका नं. ६ बाट के स्पष्ट हुन्छ भने ३५ घरधुरीमा बसोबास गर्ने लुहार परिवार मध्ये ४८.५७ प्रतिशत अर्थात १७ घरपरिवारले भैसी, गोरु, बाखा, कुखुरा सबै पालेको पाइयो । २८.५७ प्रतिशत अर्थात १० घरधुरीले कुखुरा, खसी बाखा, सुगुर पाल्ने गरेको पाइयो । त्यस्तै गरी ११.४३ प्रतिशत अर्थात ४ घरपरिवारले कुखुरा मात्र पाल्ने गरेको पाइयो । अन्य ११.४३ प्रतिशत अर्थात ४ घरपरिवारले केही पनि नपाल्ने गरेको पाइयो । यसबाट के कुरा स्पष्ट हुन्छ भने लुहारहरूले गाई भैसी मुख्य रूपमा दूध खानको लागि र खेति पातिको लागि मल उत्पादन गर्नमा भैसी पालेको पाइयो । त्यस परिवारमा दूध विकी गर्ने गरेको पाईएन भने खसी, बाखा, कुखुरा, सुगुरबाट भने नगद आम्दानी गरेको पाइयो । त्यस गा.वि.स. का लुहारहरूलाई समूहबाट बाखा पालनको लागि केही मात्रामा पैंसा वितरण गर्ने केही संस्थाहरू पनि भेटिए यसैले गर्दा लुहारहरूको आर्थिक अवस्थामा थोरै भए पनि सहयोग गरेको देखियो । खसी, बाखा र कुखुरा मासुको लागि विकी वितरण हुने भएकाले यसबाट आफूहरूलाई फाईदा हुने भएकाले त्यहाका लुहारहरू पशुपालन तर्फ बढी उत्साहित भएको देखिन्छ ।

### ४.२.११ उत्तरदाताको पशुपालनबाट हुने आम्दानीको विवरण

कुनै पनि समाज समुदाय के कति मात्रामा सक्षम छ भन्ने कुरा त्यहाँ हुने आयस्तरले निर्धारण गरेको हुन्छ । निम्न आयस्तर हुनु गरिवीको सूचक हो भने उच्च आय स्तर समृद्धी र सम्पन्नताको सूचक हो । त्यस कारण यस समुदायको आर्थिक अवस्थालाई

बुझ्नको लागि गरिएको अध्ययनबाट लुहार जातिहरूले पशुपालनबाट मात्र वर्ष भरिमा के कति आम्दानी हुदो रहेछ भन्ने कुरा तलको रेखाचित्रबाट स्पष्ट पार्न सकिन्छ ।

**रेखाचित्र नं ५ : उत्तरदाताको पशुपालनबाट हुने वार्षिक आम्दानी विवरण**




**स्रोत : स्थलगत अध्ययन, २०७३**

यस रेखाचित्र नं ५ अनुसार, यहाँ बसोबास गर्ने ३५ घरधुरी मध्येमा पशुपालनबाट वार्षिक रूपमा १४.८६ प्रतिशत अर्थात ५ घरपरिवारले ७५ हजार देखि १ लाखसम्म वार्षिक आम्दानी गरेको पाइयो । ५७.१४ प्रतिशत अर्थात २० घरपरिवारले ५० हजार देखि ७५ हजारसम्म वार्षिक आम्दानी गरेको र २० प्रतिशत अर्थात ७ घरपरिवारले ३० हजार देखि ५० हजारसम्म वार्षिक आम्दानी गरेको पाइयो । त्यस्तै गरी ८.५७ प्रतिशत अर्थात ३ घरपरिवारले १० हजार देखि ३० हजारसम्म आम्दानी गर्ने गरेको पाइयो । यस्तो विविधता आउनुमा कुनै परिवार बढी मिहेनती र लगनशील पाइयो भने कसैले पेशा नै फरक भारत जाने आदि गर्नाले पशुपालनबाट आम्दानी विवरण फरक पाइएको हो । यस अध्ययनबाट पनि के स्पष्ट हुन्छ भने लुहार जातिहरूको आर्थिक अवस्था न्युन खालको रहेको छ । तर आज भोली लुहारहरू पनि अन्य पेशा तथा व्यवसायमा लागेको हुनाले पहिला भन्दा उनीहरूको आय स्तरमा केही सुधार पाईएको छ , वैंदेशीक रोजगारिमा जानेको संख्या वढ्दो भएको कारणले केही मात्रामा भए पनि आर्थिक अवस्था राम्रो देखिएता पनि आजको मंहगो जीवन प्रणालीमा यिनीहरूलाई आफ्नो जीवन धान्न धौ धौ परेको छ ।

### ४.२.१२ लुहार जातिको आर्थिक अवस्था कमजोर हुनाको कारणको विवरण

नेपालमा बसोबास गर्ने विभिन्न जाति मध्ये लुहार जाति पनि एक हो । लुहार जाति भन्ने वित्तिकै समाजमा आर्थिक, सामाजिक, तथा शैक्षिक अवस्थाबाट पछाडी परेको जाति भन्ने वुझिन्छ । लुहार जातिहरू श्रम बढी गर्दछन् तर पनि यिनीहरूको आर्थिक अवस्था माथी बढ्न सकिराखेको छैन । एक त यस जातिमा चेतनाको कमी देखिन्छ । शैक्षिक क्षेत्रमा निकै पछाडी छ । त्यसैले हामीले यस अध्ययनमा उनीहरूलाई लुहार जातिको आर्थिक अवस्था कमजोर हुनमा मुख्य कारण के होला भनी सोधीएको प्रश्नमा उनीहरूबाट प्राप्त भएको विवरणलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका नं ७ : लुहार जातिको आर्थिक अवस्था कमजोर हुनुको कारणको विवरण**

| कारण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि पेशामा मात्र लाग्नाले | १० | २८.५६ |
| परम्परागत पेशामा मात्र लाग्नाले | ६ | १७.१३ |
| चेतनाको कमी हुनाले | ९ | २५.७१ |
| शिक्षाको कमी हुनाले | ५ | १४.८५ |
| गरिवीको कारण | ५ | १४.८५ |
| जम्मा | ३५ | १०० |

**स्रोत :स्थलगत अध्ययन , २०७३**

यस गा.वि.स. वडा नं. १ मा ३५ घरधुरी मध्येमा अध्ययनको क्रममा लुहार जातिको आर्थिक अवस्था कमजोर हुनुको मुख्य कारण सोधीएको प्रश्नमा १० घरधुरी परिवारले कृषि पेशामा मात्र लाग्नु र खेतिपातीमा बढी दुःख हुनु मेहेनत गरे अनुसार उब्जाउ नहुदा दलितहरूको आर्थिक अवस्था कमजोर हुने मुख्य कारण हो भन्ने कुरा व्यक्त गरे । ६ घरपरिवारले परम्परागत पेशालाई मुख्य पेशाको रूपमा लाग्नाले त्यसबाट राम्रो आम्दानी नहुने नयाँ नयाँ प्रविधीका कारण उनीहरूले बनाएका फलामका भाडा कुडाहरूले बजार नपाउनु, आरन लगाएर मात्र आफ्नो जिबीकोपार्जन गर्न अति नै गाह्रो हुने भएकाले आर्थिक अवस्थामा वाधा पुगिरहेको बताए । ९ घरधुरी परिवारले लुहार जातिहरूमा चेतनाको विकास हुन नसक्नु, पुरानो परम्परा र मान्यतालाई परिवर्तन गराउन नसक्नु, त्यस कारण लुहारहरूमा विभिन्न समस्याले गर्दा पछाडी परेको कारण आफ्नो आर्थिक अवस्था कमजोर भएको बताए । त्यस्तै गरी ५ घरधुरी परिवारले लुहार जातिहरूमा शिक्षाको कमीले गर्दा

अगाडी बढ्न नसक्नु, आफ्नो जिवनमा परिवर्तन गराउन नसक्नु, अशिक्षितका कारण वाहिरी वातावरणमा आफूलाई अगाडी ल्याउन नसकेको बताए । ५ घरपरिवारले लुहारहरूमा गरीवीको कारणले गर्दा आर्थिक अवस्था कमजोर भएको कुरा बताए । लुहारहरूको कमजोर आर्थिक अवस्थाका कारण उनीहरू हरेक पक्षमा अगाडी बढ्न नसक्नु, शिक्षाको कमी र विकासमा अगाडी बढ्नको लागि उनीहरूको चेतना वा सोचाईमा विकास हुन नसक्नु, नै लुहार जातिको आर्थिक अवस्था कमजोर हुने मुख्य कारण हो भन्ने कुरा स्पष्ट बुझिन्छ ।

### ४.२.१३ लुहार जातिको आर्थिक अवस्थालाई अगाडी बढाउन गर्नु पर्ने कार्यको विवरण

मानिसको सबै भन्दा महत्वपूर्ण पक्ष आर्थिक अवस्था हो । त्यसकारण आर्थिक अवस्थालाई अगाडी बढाउनको लागि विभिन्न पेशा तथा व्यवसायहरूमा संम्लग्न हुनु पर्दछ । त्यस कारण यहाँ अध्ययनको क्रममा लुहारजातिहरूको आर्थिक पक्षसँग सम्बन्धित रहि अध्ययन गर्ने कार्य गरियो र त्यसमा उनीहरूको आर्थिक अवस्थालाई अगाडी बढाउनको लागि के गर्नु पर्छ भन्ने सर्न्दभमा उनीहरूबाट लिएको जवाफलाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं ८ : लुहार जातिको आर्थिक अवस्थालाई अगाडी बढाउन गर्नु गर्ने कार्यको विवरण**

| कार्य | संख्या | प्रतिशत |
|---|---|---|
| रोजगारिको अवसर | १८ | ५१.४३ |
| शिक्षामा जोड | १० | २८.५७ |
| आम्दानी हुने खालको सिप | ७ | २० |
| जम्मा | ३५ | १०० |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

यस गा.वि.स वडा १ मा ३५ घरधुरीहरू अध्ययनको क्रममा मुख्य गरी लुहारहरूको आर्थिक अवस्थालाई अध्ययनको मुख्य विषयवस्तु वनाएर अध्ययन गरीयो त्यस कारण उनीहरूको आर्थिक अवस्थालाई बुझी उनीहरूको आर्थिक अवस्थालाई अगाडी बढाउन के गर्नु पर्ला भन्ने प्रश्नमा १८ घरधुरी परिवारले लुहार जातिलाई पनि रोजगारीको अवसर मिल्नु पर्‍यो भन्ने कुरा व्यक्त गरे । १० घरधुरी परिवारहरूले शिक्षामा जोड दिनु पर्‍यो

अर्थात लुहारहरूलाई शिक्षा क्षेत्रमा अगाडी लगाउनको लागि सरकार पक्षबाट पाईने सुविधा छात्रवृति तथा दलितकाकोटाहरूलाई बढाई उनीहरूको शैक्षिक स्तर वृद्धि गर्नुपर्छ भन्ने कुरा जनाए । ७ घरधुरी परिवारले लुहार जातिलाई नगद आर्थिक आम्दानी हुने खालको सिपहरू सिकाउनु पर्छ भन्ने भनाई पाइयो । त्यस कारण यस अध्ययनबाट के स्पष्ट हुन्छ भने लुहार जातिहरू आर्थिक पक्षबाट पछाडी पर्नुको कारण उनीहरूमा रोजगारी नहुनु, शैक्षिक अवस्थाबाट वञ्चित हुनु जस्ता पक्षहरूले गर्दा उनीहरूको आर्थिक पक्षलाई अगाडी बढाउन नसकेको अवस्था पाइयो ।

## ४.३ लुहारहरूको आर्थिक अवस्थामा परिवर्तन

मानव समुदायको विकास निरन्तर रूपमा अगाडी बढ्ने माध्यम भनेको मानव समुदायमा आउने एउटा सकारात्मक परिवर्तन हो । जुन समाज विकासको गतिमा अगाडी बढ्न सक्दैन त्यस समुदाय तथा समाजमा परिवर्तन हुन सक्दैन् । त्यस कारण मानव समुदायमा विकाससँगै परिवर्तन हुन आवश्यक छ । समाजलाई सभ्य बनाउनको लागि समय र परिस्थिती अनुसार परिवर्तन ल्याउन सक्नु पर्दछ । त्यस कारण परिवर्तन भनेको विस्तारै विस्तारै अगाडी बढ्ने प्रकिया हो त्यसैले त्यहाँका लुहार जातिहरूमा पनि पहिला भन्दा अहिलेको अवस्थामा निकै परिवर्तनहरू पाइयो । यस गा.वि.स. का लुहारहरूमा परम्परागत मुल्य, मान्यता, संस्कृति, अन्धविश्वासबाट विस्तारै विस्तारै सकारात्मक पक्ष तिर परिवर्तन भएको पाईन्छ । उनीहरूको पहिलाको अवस्थामा भन्दा अहिलेको अवस्थामा निकै परिवर्तन भएको पाइयो । उनीहरू आफूहरूलाई हरेक क्षेत्रबाट अगाडी बढाउनको लागि आफूहरू लागि परेका छन् अहिलेका युवा युवतीहरूमा दलित भएका कारण पछाडी पर्नु हुन्न भन्ने चेतनाको विकासका साथै दलितहरूलाई पहिला गैंर दलितहरूले गरिने व्यवहार तथा मुल्य मान्यतामा पनि परिवर्तन हुदै आएको छ । पहिला दलितहरूमा शिक्षाको अवस्था न्यून थियो भने अहिले दलित परिवारमा पढ्नु पर्छ भन्ने भावना बढ्दै गएको पाइयो । गाँउ घरमा पनि गैंर दलितहरूकोमा काम गर्न हलि, गोठाला बस्ने न्युन ज्यालामा श्रम गर्ने वाली घरे प्रथा जस्ता कार्यहरूमा परिवर्तन आई उनीहरूमा आफ्नै कामको लागि अगाडी बढ्ने प्रवृति बढेको छ । यस अध्ययनको सिलसिलामा हामीले मुख्य गरी लुहार जातिको आर्थिक पक्षमा देखिएको परिवर्तन बारे अध्ययन गरी सोको जानकारी लिने प्रयास गरियो ।

### ४.३.१ लुहारहरूको पहिलेको अवस्थाबाट अहिलेको अवस्थामा आएको परिवर्तनको विवरण

हाल लुहारहरूको अवस्थामा सुधार हुदै गएको देखिन्छ । लुहारहरू पनि आफ्नो हक हितको लागि अगाडी बढ्नलाई विभिन्न दलित आन्दोलनहरू भएका छन् । दलित समस्याका पक्षलाई सरकारले पनि प्राथमिकता दिन थालेको छ । शैक्षिक क्षेत्रमा पनि दलितकोटाको व्यवस्था गरेको छ । राजनैतिक क्षेत्रमा पनि दलितको सहभागीता बढ्दै छ । त्यसकारण दलितहरूलाई गाँउ स्तरबाट नै माथि उठाउने प्रयासहरू भएका छन् । त्यसैले हामीले यस सानो क्षेत्रमा अध्ययन गरेको भएता पनि दलितहरूमा के कस्ता पक्षमा परिवर्तन भईराखेको छ भन्ने सर्न्दभमा सोधीएको कुरालाई तलको तालिका मार्फत स्पष्ट पारिएको छ ।

**तालिका नं ९ : लुहारहरूको पहिलेको अवस्थाबाट अहिलेको अवस्थामा आएको परिवर्तनको विवरण**

| पक्ष | संख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक पक्षमा परिवर्तन | १८ | ५१.४३ |
| आर्थिक पक्षमा परिवर्तन | १२ | ३४.२९ |
| शैक्षिक पक्षमा परिवर्तन | ५ | १४.२८ |
| जम्मा | ३५ | १०० |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

यस गा.वि.स मा रहेका वडा नं १ मा रहेका लुहारहरूको अध्ययनलाई हेर्दा के स्पष्ट देखिन्छ भने लुहारहरूको पहिलाको स्थिती भन्दा अहिलेको स्थितीमा विस्तारै परिवर्तन हुदै गएको देखियो । त्यसमा उनीहरूको सबै पक्षमा परिवर्तन पाइयो । यस अध्ययनमा गरिएको अध्ययनलाई हेर्दा ३५ घरधुरीमा गरीएको अध्ययनमा सामाजिक पक्षमा परिवर्तन भएको छ भन्नेमा ५१.४३ प्रतिशत अर्थात १८ जना रहेको पाइयो । उनीहरूले समाजमा पहिलाको तुलनामा सामाजिक व्यवहारहरूमा परिवर्तन भएको बताए । जस्तो जातिय छुवाछुतमा पनि सामान्य परिवर्तन भएको छ । सार्वजनिक स्थानहरूमा गरिने व्यवहार मठ, मन्दिरमा प्रवेश गर्न दलितलाई रोक लगाएको थियो तर आज भोली दलित पनि सार्वजानिक स्थलमा उपस्थित हुने, मन्दिर प्रवेश गर्ने, जस्ता कार्यहरू गर्न थालेका छन् । त्यस्तै गरी दलितको आर्थिक पक्षमा परिवर्तन भन्नेमा ३४.२९ प्रतिशत अर्थात १२ जना रहेको पाइयो । दलितहरूमा पहिला आर्थिक पक्ष निकै कमजोर रहेको न्युन ज्यालामा गाँउका ठूलावडा साहु महाधन कहाँ काम गर्नु पर्ने दिनभर काम गरे पनि अत्यन्तै न्यून पारीश्रमीक ज्याला पाउने,

विहान भर काम गऱ्यो भने खाना खान मात्र पाईने जस्ता कार्यहरू हुन्थे । दलितहरूलाई गैर दलितले बढी काममा लगाउथे भने आज भोली दलित लुहारहरू पनि विभिन्न कार्यमा लागि पैंसा कमाउन थालेका छन् । त्यसैले उनीहरूको आर्थिक क्षेत्रमा परिवर्तन देखियो । त्यस्तै गरी लुहारहरूको शैक्षिक क्षेत्रमा परिवर्तन भन्नेहरूमा १४.२८ प्रतिशत अर्थात ५ जना रहेको पाइयो । दलित लुहारहरूमा चेतनाको विकास सगँसँगै उनीहरूमा शैक्षिक क्षेत्रमा पनि परिवर्तन देखियो । पहिलाको तुलनामा अहिले सबै घरमा आफ्ना सन्तानहरूलाई विद्यालय पठाउने गरेको देखिन्छ । पढ्नु पर्छ भन्ने चेतनाको विकास लुहार जातिमा हुदै आएको छ । यस अध्ययनबाट पनि दलित लुहार जातिको जिवनमा सामाजिक, आर्थिक र शैक्षिक पक्षमा निकै परिवर्तन भएको पाइयो ।

### ४.३.२ लुहारहरूको आर्थिक पक्षमा सुधार देखिनुको मुख्य कारणको विवरण

मानिसहरूको अवस्थामा सुधार आउनको लागि त्यसमा विभिन्न पक्षहरूको भूमिका रहेको हुन्छ । यहाँ लुहारहरूको आर्थिक पक्षमा सुधार देखिनुको मुख्य कारण के हो भनी गरेको अध्ययनमा उनीहरूबाट प्राप्त गरिएको जानकारीलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका नं १० : लुहारहरूको आर्थिक पक्षमा सुधार देखिनुको मुख्य कारणको विवरण**

| कारण | संख्या | प्रतिशत |
|---|---|---|
| परम्परागत पेशा छाडेर अन्यपेशामा लाग्नाले | २० | ५७.१४ |
| परिवारमा शिक्षाको चेतनाले | ६ | १७.१४ |
| वैदेशिक रोजगारीमा जानाले | ९ | २५.७२ |
| जम्मा | ३५ | १०० |

**स्रोत : स्थलगत अभ्ययन, २०७३**

तालिका नं. १० बाट स्पष्ट हुन्छ भने लुहारजातिहरूको आर्थिक पक्षमा सुधार देखिनुको मुख्य पक्ष के हो भन्ने प्रश्नमा ५७.१४ प्रतिशत २० जनाहरूबाट लुहार जातिको परम्परागत पेशालाई मात्र मुख्य पेशा नमानी अन्य पेशाहरू अपनाउनाले दलितहरूको आर्थिक पक्ष सुधार भएको छ भन्ने पाइयो । १७.१४ प्रतिशत अर्थात ६ जनाले लुहारहरूको परिवार मा शिक्षाको चेतनामा विकासले गर्दा उनीहरूको आर्थिक पक्षमा सुधार आएको बताए । जब लुहार परिवारमा पनि पढ्नु पर्छ भन्ने मानसिकताको विकास विस्तारै विस्तारै अगाडी बढ्न थाल्यो तब उनीहरूले पनि आफ्नो पेशा तथा व्यवसायमा नयाँ किसीमबाट

अगाडी बढी पुराना मूल्य मान्यतालाई हटाउँदै अगाडी बढ्नाले दलितमा केही परिवर्तन भएको बताए । २५.७२ प्रतिशत अर्थात ९ जनाले दलितहरूमा वैदेशिक रोजगारिमा जान थाल्नुले आर्थिक पक्षमा सुधार भएको भन्ने बताए । दलितहरू हाल विदेशको खाडी मुलुकमा बढी जाने गरेको पाइयो, वाहिर जानेहरूको आर्थिक स्थितीमा केही परिवर्तन भएको पाईन्छ । उनीहरूले वाहिरबाट ल्याएको पैंसाबाट व्यापार व्यवसायमा लगानी गर्नुको साथै कसैले जमिन किन्ने र आफ्नै जमिनमा खेतिपाति गर्दा आफूलाई अलि सहज भएको बताए त्यसकारण दलितहरूमा पनि आर्थिक पक्षमा केही मात्रामा सुधार भएको पाइयो ।

### ४.३.३ लुहारहरूमा आएको परिवर्तनमा गैर दलितहरूको सहयोगको विवरण

नेपाल एक वहु भाषा, वहुजाति बसोबास गर्ने राष्ट्र हो । त्यस भित्र पनि समाजमा विभिन्न जातजातिहरू मिलेर बसोबास गरीरहेको पाईन्छ । कुनै पनि जाति देशको विभिन्न ठाँउमा छरिएर रहेको पाईन्छ । त्यसमा पनि दलित लुहार जातिको बसोबास पनि विभिन्न ठाँउमा देखिन्छ । त्यसैले यस शिखर गा.वि.स.मा पनि दलितहरूको संख्या निकै पाईन्छ । यहाँ खास गरी कामी, लुहार र वाहुन, क्षेत्रीहरूको बसोबास रहेको पाईन्छ । त्यस कारण यस गा.वि.स.को वडा नं १ मा मुख्य गरी लुहार र ब्राह्मण र क्षेत्री जातिको बसोबास रहेको हुँदा उनीहरूलाई गैर दलितबाट दलितहरूको जिवन स्तरमा परिवर्तन ल्याउन के कस्ता सहयोग मिलेको छ भन्ने कुरामा तलको तालिकाबाट स्पष्ट पारिन्छ ।

**तालिका नं ११ : लुहारहरूमा आएको परिवर्तनमा गैर दलितहरूको सहयोगको विवरण**

| सहयोग | संख्या | प्रतिशत |
|---|---|---|
| सहयोग मिलेको छ भन्नेमा | २२ | ६२.८६ |
| सहयोग मिलेको छैन भन्नेमा | १३ | ३७.१४ |
| जम्मा | ३५ | १०० |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने दलितहरूमा परिवर्तन ल्याउनमा गैर दलितहरूबाट कस्तो किसीमको सहयोग मिलेको छ भन्ने सन्र्दभमा ६२.८६ प्रतिशत अर्थात २२ जनाले गैर दलितबाट सहयोग पाएको बताए । उनीहरूले गैंर दलितहरूलाई अगाडी बढ्नु पर्छ भन्ने सन्र्दभमा दलितलाई सहयोग गरेको पाइयो । ३७.१४ प्रतिशत अर्थात १३ जनाले गैंर दलितहरूबाट खासै सहयोग नमिलेको कुरा बताए । विशेष गरेर यसरी फरक आउनुमा उत्तरदाताको मिलनसारीता र काम गर्ने शैलीले फरक पर्न आएको पाइएको छ । त्यसैले यस अध्ययनबाट के थाहा हुन्छ भने दलितहरूले अझै पनि गैर दलितबाट पूर्ण

रूपमा सहयोग पाउन सकेका छैनन् । जातिय छुवाछुतका विषयमा जति कानूनमालेखिए पनि व्यवहारमा कार्यन्वयन हुन सकी राखेको छैन् । जति दलितका समस्याहरूलाई भाषण गरे पनि व्यवहारमा लागू गर्न अझै पछाडी नै परेको छ ।

### ४.३.४ लुहारहरूको आर्थिक अवस्थामा सुधार ल्याउन संघ संस्थाले गरेको सहयोगको विवरण

हाल नेपालमा अहिलेको परिप्रेक्षमा निम्न वर्गका दलित जातिहरूको अवस्थालाई माथि उठाउन विभिन्न संघ संस्थाहरूले काम गर्दै आएको पाईन्छ । यस गा.वि.स. मा पनि कुनै संघ संस्थाले दलितको आर्थिक अवस्थालाई माथि ल्याउन के कस्ता सहयोगहरू ल्याएका छन् भन्ने सर्न्दभमा तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं १२ :लुहारहरूको औार्थक अवस्थामा सुधार ल्याउन संघ संस्थाले गरेको सहयोगको विवरण**

| संघ संस्था | संख्या | प्रतिशत |
|---|---|---|
| सहयोग प्राप्त गर्ने | १५ | ४२.८६ |
| सहयोग प्राप्त गर्न नसक्नेहरू | २० | ५७.१४ |
| जम्मा | ३५ | १०० |

**स्रोत : स्थलगत अध्ययन, २०७३**


उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने दलित लुहारहरूले ३५ घरधुरी मध्येमा १५ जनाले संस्थाबाट आर्थिक सहयोग पाएको जानकारी दिए । उनीहरूलाई आर्थिक नगद रु. २५००-५०००। रूपयाँ दिई एउटा बाखाको पाठा उपलव्ध गराई बाखा पालनबाट नगद आम्दानी गरेको भनी बताए भने २० घरधुरीले त्यस्ता संघ संस्थाबाट सहयोग नपाएको जानकारी दिए उक्त सहयोग पाउनेहरूमा दलित लुहारहरू मध्येमा अति न्यून आर्थिक अवस्था कमजोर भएकालाई समूहबाट छनोट गरी सहयोग गरेको पाइयो ।

### ४.३.५ उत्तरदाताको घरमा प्रयोग गरीएका विद्युतीय सामग्रीहरूको विवरण

समुदायमा कुनै पनि मानिसको जिवन स्तर के कस्तो छ भन्ने कुरा उनीहरूको जिवन शैलीबाट अध्ययन गर्न सकिन्छ । उनीहरूको रहन सहनबाट मानिसको स्तर निर्धारण गरिएको हुन्छ । त्यसैले यहाँ दलित लुहार जातिहरूले प्रयोग गर्ने विद्युतीय सामग्रीहरूको

बारेमा गरिएको अध्ययनबाट उनीहरूले प्रयोग गर्ने सामानको बारेमा तलको रेखाचित्रबाट स्पष्ट हुन्छ ।

**रेखाचित्र नं ६: उत्तरदाताको घरमा प्रयोग गरिएका विद्युतीय सामग्रीहरूको विवरण**




**स्रोत :स्थलगत अध्ययन,२०७३**


उक्त रेखाचित्रबाट के स्पष्ट हुन्छ भने दलित लुहार जातिहरूको ३५ घरधुरीमा लिएको अध्ययनबाट उनीहरूले प्रयोग गर्ने विद्युतीय सामग्रीहरूमा २२.८६ प्रतिशत अर्थात ८ घरपरिवारसँग मोवाइल, रेडियो, टि.भी, भएको पाइयो । २८.५७ प्रतिशत अर्थात १० घरधुरीहरूमा मोवाइल र रेडियो मात्र प्रयोग गर्ने गरेको पाइयो । त्यस्तै गरी ४८.५७ प्रतिशत अर्थात १७ घरधुरीमा मोवाइल मात्र रहेको र केही पनि विद्युतीय सामग्री नभएकामा शून्य रहेको पाइयो । त्यसैले यस अध्ययनबाट दलित लुहार जातिहरूको आर्थिक अवस्थामा पनि स्तरीकरण देखिन्छ ।

### ४.३.६ उत्तरदाताको पारिवारिक शैक्षिक अवस्थाको विवरण

अहिले शिक्षा मानिसहरूको लागि आधारभुत आवस्यक बनेको छ । शिक्षाले मानिसलाई ज्ञान, सीप दक्षता र जीवन जिउने आधार दिन्छ । यस गा.वि.स.का लुहारहरूमा पहिलाको भन्दा अहिले केही मात्रामा सुधार देखिएता पनि धेरैजसोमा शिक्षाको कमि देखिन्छ । शिक्षाको कमि हुनुमा मुख्य कारण गरिवी, चेतनामा कमि हो । यिनीहरूको मुख्य पेशा कृषि र परम्परागत भाडा बनाउने कार्य थियो । घरमुली निरक्षर भएको कारण आफ्ना बालबच्चाहरूलाई पनि स्कुल नपठाई घरको काममा नै लगाउने प्रवृत्तिले गर्दा दलितहरूमा

शिक्षाको कमी भएको पाईन्छ । यहाँ हामीले अध्ययनमा समावेश गरिएका ३५ घरधुरिका उत्तरदाताको पारिवारीक शैक्षिक अवस्थाको स्थितीलाई तलको रेखाचित्रबाट स्पष्ट पारिएको छ ।

**रेखाचित्र नं ७: उत्तरदाताको पारिवारीक शैक्षिक अवस्थाको विवरण**




**स्रोतः स्थलगत अध्ययन, २०७३**

माथिको रेखाचित्रमा प्राथमिक तहमा अध्ययन गरेका १५ जना, माध्यमिक तहमा १० जना, प्रविणता प्रमाण पत्र तहमा ७ जना र अनपढ ३ जना देखिन्छ । यसगरी लुहारहरूमा शिक्षाको कमि देखिएता पनि आजभोलि केही परिवर्तन भएको त पाइयो । त्यसकारण लुहारहरूमा शिक्षाको स्थितीमा विस्तारै सुधार हुदै अगाडि बढेको र अहिलेका लुहार परिवारका छोराछोरी प्रायजसो सबै विद्यालय जाने गरेको पाइयो ।

### ४.३.७ लुहार जातिको पुर्खौलि पेशालाई अहिलेका युवाहरूले छाड्नुको मुख्य कारणको विवरण

समाज समय अनुसार विस्तारै परिवर्तन हुदै अगाडी वढ्छ त्यसकारण लुहार जातिहरूको भाडाका समान बनाउनु पुर्खौलि पेशा तथा व्यावसायहरू विस्तारै हराउदै गएको पाइयो । त्यसमा पहिलेका वुढाहरूको मृत्यु हुनु र उनका छोरा नातीहरूले त्यस पेशाप्रति चासो नदेखाउनुले पनि लुहारहरूको जातिय पेशा लोप हुदै गएको पाईन्छ भने उनिहरूले बनाएका भाडाहरू पुराना डिजाइनका हुनुले उक्त पेशा लोप हुदै गएको पाईन्छ ।

त्यस कारण यस अध्ययनमा हामिले अहिलेका युवाहरूले पुर्खौली पेशालाई किन छाड्दै गएका होलान भन्ने सन्दर्भमा तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं :१३ लुहार जातिको पुर्खौलि पेशालाई अहिलेका युवाले छाड्नुको कारण**

| कारण | संख्या | प्रतिशत |
|---|---|---|
| अन्य पेशा अपनाउनाले | २० | ५७.१४ |
| वैदेशिक रोजगारिको प्रभावले | ७ | २०.०० |
| शिक्षामा आएको परिवर्तनले | ८ | १७.१४ |
| जम्मा | ३५ | १०० |

**स्रोतः स्थलगत अध्ययन, २०७३**

उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने पछिल्लो समयमा लुहारहरूको पुर्खौली पेशा युवाहरूले छोड्नुको कारणमा ५७.१४ प्रतिशत अर्थात २० घरपरिवारले अन्य पेशा व्यावसायहरू अपनाउन थालेकोले भन्ने जवाफ दिए । २० प्रतिशत अर्थात ७ घरपरिवारले वैदेशिक रोजगारिको प्रभावले भन्ने जवाफ दिए । त्यस्तै २२.८६ प्रतिशत अर्थात ८ घरपरिवारले दलितहरूमा आएको शिक्षाको परिवर्तनले गर्दा जातिय पेशालाई अहिलेका युवाहरूले छाड्दै गएको पाइयो । त्यसकारण लुहारहरूको जातिय पेशा विस्तारै लोप हुने स्थिती देखियो ।

### ४.३.८ लुहारहरूको जिवनस्तरमा परिवर्तन ल्याउनका लागि जोड दिनुपर्ने मुख्य पक्षको विवरण

कुनैपनि समुदायको निम्न अवस्थामा रहेको जिवन पद्यतीलाई माथि ल्याउनका लागि त्यस समुदाय भित्र रहेको त्यस जातिको बारेमा कुन पक्षलाई बढी जोड दिने भन्ने कुरा हुन्छ । यस गा.वि.स. का वडा नं. १ का लुहारहरूको जिवन स्तरलाई माथि ल्याउनका लागि कुन कुन पक्षमा जोड दिनु पर्छ भन्ने क्रममा अनुसन्धानका उत्तरदातासँग प्रश्न सोधिएको थियो । त्यस प्रश्नका उत्तरमा उनिहरूले दिएको उत्तरलाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं : १४ लुहारहरूको जिवन स्तरमा परिवर्तन ल्याउनका लागि जोड दिनुपर्ने मुख्य पक्षको विवरण**

| पक्ष | संख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक पक्षमा जोड | १५ | ४२.८६ |
| शैक्षिक पक्षमा जोड | १० | २८.५७ |
| रोजगारिको पक्षमा जोड | १० | २८.५७ |
| जम्मा | ३५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

उक्त अध्ययनबाट के स्पष्ट हुन्छ भने लुहारहरूको जिवन स्तरमा परिवर्तन ल्याउन आर्थिक पक्षमा जोड दिनु पर्छ भन्नेमा १५ जना भेटिए । शैक्षिक पक्षमा जोड दिनु पर्छ भन्नेमा १० जना र रोजगारिको पक्षमा जोड दिनु पर्छ भन्नेमा १० जना भेटिए । त्यसकारण उनिहरूको यस भनाईबाट दलितहरूको आर्थिक, शैक्षिक र रोजगारिको पक्षमा जोड दिईयो भने उनिहरूको जिवन स्तरमा परिवर्तन ल्याउन सकिने कुरा यस अध्ययनबाट जानकारी हुन आउछ ।

### ४.३.९ लुहार जातिहरूलाई अगाडि ल्याउन सरकार पक्षबाट गर्नु पर्ने कार्यको विवरण

हाल नेपालमा दलितहरूको समस्यालाई पनि मुख्य रूपमा हेरिन थालेको छ । दलितहरू पछाडि पर्नुको कारणमा उनिहरूलाई सरकार पक्षबाट पनि वेवास्ता गरिएको कारण देशका विभिन्न ठाँउबाट दलित आन्दोलनहरू भए । दलितहरूलाई पनि अगाडि ल्याउन दलितको हरेक पक्षमा सहभागिता हुनु पर्दछ । राजनितीक पक्षमा पनि दलितको सहभागीता बढाउनु पर्दछ भन्ने कुराहरू अगाडि आई रहेका छन् । दलितहरूको जिवनस्तरलाई ग्रामिण क्षेत्रबाटै अगाडि ल्याउनु पर्दछ । जबसम्म दलितहरूको जिवन स्तरमा सुधार ल्याउन सकिदैन तबसम्म देश विकासमा सहयोग पुग्न सक्दैन भन्ने पक्षलाई आधार वनाएर अहिले दलितहरूका समस्यालाई पनि सरकारले महत्त्व दिन थालेको छ । त्यसैले हामिले यस अध्ययनमा यस गा.वि.स. वडा नं. १ का ३५ घरधुरिहरूलाई अन्तर्वार्ता लिने क्रममा हजुरहरूलाई सरकार पक्षबाट कस्तो कार्य गरे हुन्थ्यो जस्तो लाग्छ भनि गरीएको प्रश्नबाट दिएको उत्तरलाई तालिका मार्फत स्पष्ट पारिएको छ ।

**तालिका नं. १५ : लुहार जातिहरूलाई अगाडि ल्याउन सरकार पक्षबाट गर्नुपर्ने कार्यको विवरण**

| कार्य | संख्या |
|---|---|
| रोजगारीको व्यवस्था हुनु पर्‍यो | १८ |
| शिक्षामा जोड दिनु पर्‍यो | १० |
| सिप मुलक तालिम दिनुपर्‍यो | ७ |
| जम्मा | ३५ |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

हामिले यस गा.वि.स. मा वडा नं. १ का ३५ घरधुरिमा गरीएको अध्ययनबाट के स्पष्ट हुन्छ भने सरकार पक्षबाट दलित लुहार जातिहरू मध्येमा पढेका लुहारलाई रोजगारीको व्यवस्था हुनु पर्दछ भन्नेमा १८ जना भेटिए । शिक्षामा जोड दिनु पर्यो भन्नेमा १० जना, सिपमुलक तालिम दिनुपर्यो भन्नेमा ७ जना उत्तरदाता भेटिए । माथिको तालिकालाई हेर्दा सबैभन्दा महत्त्वपूर्ण कार्यको रूपमा सरकारले रोजगारिको ग्यारेन्टि गरिनुपर्ने देखिन्छ ।

## ४.४ लुहार र गैर दलित बिचको सम्बन्ध

समाज परस्परमा आवद्ध मानिसको सम्बन्ध हो । मानिस वा कुनै जाति विशेषको अस्तित्व र गतिशिलता अरुसँगको सम्बन्धमा आधारित हुन्छ । प्रत्येक मानिसलाई अरुसंगको सम्बन्ध आवश्यक पर्दछ । समाजमा आपसि सम्बन्ध विना जीवन संचालनको प्रकृया कठिन र जटिल हुने गर्छ । समाज एक अर्काको पारस्परिक सहयोगद्वारा सञ्चालित भई रहेको हुन्छ । त्यसै सन्दर्भमा यहाँका लुहार जातिको पनि अन्य जातिसँगको सम्बन्ध परस्परतामा आधारित रहेको पाईन्छ । यहाँ लुहार र गैर दलित बिचको सम्बन्ध व्याक्तिगत र पारिवारीक सम्बन्ध परस्परमा आधारित छ । आर्थिक सम्बन्ध विपन्नता र सम्पन्नतामा विभक्त छ भने सामाजिक सम्बन्ध भेदभावको व्यवहारबाट उच र निचको भावनामा आधारित देखिन्छ । त्यस कारण त्यस गा.वि.स. मा बसोबास रहेको वडा नं. १ मा दलित जातिमा लुहार त्यस कारण यहाँका लुहार र गैरदलित बिचमा कस्तो सम्बन्ध रहेको छ भन्ने कुरामा यहाँ दलित लुहार जातिहरू गैर दलितहरूलाई पहिला देखि नै मान्दै आई रहेका छन् । गैर दलितहरूले लुहारहरूलाई पैसा ऋण दिने र सरसापट दिने गर्दछन् र काममा पनि दलितहरू गैर

दलितहरूकोमा ज्यालादारी गर्न गएको पाईन्छ । त्यस कारण यस ठाँउमा बढी लुहार र वाहुन र क्षेत्रीको मात्र समाज छ । त्यसैले यहाँ मुख्य गरी लुहार र गैर दलितबिचको सम्बन्धलाई चर्चा गर्ने प्रयास गरिएको छ । यस गा.वि.स.का दलित लुहार र गैर दलित वाहुनर क्षेत्रीलाई मानिएको छ । यस ठाँउमा लुहारले वाहुन र क्षेत्रीलाई (साहु) भन्ने गर्दछन् तर आजकालका युवा पुस्तामा भने यस्तो भनाई क्रमशः घट्दो छ । यहाँका लुहारहरूले वाहुन र क्षेत्रीका भाडाहरू मर्मत गर्नु काम देखि लिएर अन्य सम्पुर्ण कामहरू गरिदिने गर्दछन् । वाहुन र क्षेत्रीहरूले पनि लुहारहरू बिरामी वा अन्य आपद विपद परेको बेला सहयोग गरेको पाईन्छ । लुहारहरूलाई अछुत भनेर घरभित्र पस्न दिईदैन । लुहार जातिले वाहुन र क्षेत्रीलाई आफ्ना दाजुभाई सरह मान्दछन् र आफूहरू माथिको विभेदलाई परम्परागत रूपमा आएको विभेद मात्र ठान्दछन् । वाहुन र क्षेत्रीलाई परेको काममा लुहार जातिले सहयोग गर्दछन भने लुहारलाई पर्दा वाहुन र क्षेत्रीहरूले सहयोग गर्ने गर्दछन् । त्यसैगरी दुवै जातीमा मित्रता तथा साइनो सम्बन्ध पनि रहेको छ ।

यीनिहरूको बिचमा मजदुरी, ऋण सहयोग, मेलापात र चाडपर्वमा लेनदेन हुने गरेको पाइयो । त्यस कारण यि दुवै जाति लुहार र गैर दलित बिच व्याक्तिगत र पारिवारीक रूपमा सौहार्दपूर्ण सम्बन्ध नै रहेको छ भने उत्पादनका क्षेत्रमा कम ज्याला र सामाजिक भेदभवको स्थितीले आर्थिक सामाजिक रूपमा उचता र निचताको स्तरीकरण देखिन्छ ।

### ४.४.१ लुहार र गैर दलित बिचको सम्बन्धको विवरण

दार्चुला जिल्ला शिखर गा.वि.स अन्तर्गत रहेका लुहार जाति र गैर दलित बिचको सम्बन्धको बारेमा यस गा.वि.स.को १ वडामा रहेका दलित लुहारहरूका ३५ घरधुरीलाई अध्ययनमा समेटियो भने त्यसै ठाउमा बसोबास गर्दै आएका गैर दलितहरूबाट दलितलाई गर्ने व्यवहारहरूको बारेमा दलितबाट नै बुझ्दा उनिहरूले बाहिरी रूपमा नराम्रो व्यवहार नदेखिए पनि दलितहरूलाई छुवाछुतको कारणबाट हेप्ने प्रवृत्ति भने अझै पनि समाजमा यथावात रहेको पाईन्छ । त्यसकारण हामीले यस अध्ययनमा गैर दलित र लुहार बिचको सम्बन्ध कस्तो छ भनेर सोधेका थियौ जसमा दलितले दिएको उत्तरलाई यहाँ तालिकाबाट उनिहरूको सम्बन्धका बारेमा स्पष्ट पारिन्छ ।

**तालिका नं. १६: लुहार र गैर दलित बिचको सम्बन्धको विवरण**

| सम्बन्ध | संख्या |
|---|---|
| घनिष्ट सम्बन्ध | १२ |
| मध्यम खालको सम्बन्ध | ९ |
| सामान्य खालको सम्बन्ध | १० |
| सम्बन्ध राम्रो छैन | ४ |
| जम्मा | ३५ |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

माथिको तालिकामा लुहार र गैर दलित बिच कस्तो सम्बन्ध छ भन्नेको जवाफमा घनिष्ट सम्बन्ध छ भन्नेको संख्या १२, मध्यम खालको सम्बन्ध छ भन्ने ९ जना, सामान्य खालको सम्बन्ध छ भन्ने १० जना र सम्बन्ध राम्रो छैन भन्ने ४ जना देखिन्छन् । यसरी सम्बन्धमा फरक आउनुमा कुनै परिवार लुहारसँग कामकाज र सहयोग आदानप्रदान हिसाबले नजिक र कुनै टाढा रहेका कारण सम्बन्धमा फरकपन आएको देखिन्छछ । माथिको तालिकालाई अध्ययन गर्दा यस क्षेत्रमा लुहार र गैर दलित बिच मध्यम खालको सम्बन्ध रहेछ भन्ने देखिन्छ । किनकि समाजमा यी दुवै जातिहरू मिलेर बसेको कारण उनीहरूलाई एक अर्काको सहयोग आवश्यकता परिरहने हुँदा यि दुवै जातिहरूमा सामाजिक भावनाको विकास भएको देखिन्छ ।

### ४.४.२ जातियताको कारणले लुहार जातिलाई बढी हेलागर्ने जातिको विवरण

नेपालको ईतिहासलाई हेर्दा प्रारम्भीक काल देखि नै जातिय विभेद सुरु भएको पाईन्छ । त्यसैले नेपाललाई पृथ्वीनारायण शाहले आफ्नो दिव्य उपदेशमा 'नेपाल चार जात छत्तिस वर्णको साझा फुलवारी हो' भनेका छन् । यहि जातिय व्यवस्था अन्तर्गत दलित जातिभित्र पर्ने लुहार जातिलाई तपाईहरूको समाजमा तपाईहरूलाई बढी मात्रामा कुन जातिले बढी हेप्ने, दवाउने गर्दछ भनिएको प्रश्नको जवाफलाई तलको तालिका मार्फत प्रष्ट पारिएको छ ।

**तालिका नं. १७ : लुहार जातिलाई बढी हेलागर्ने जातिको विवरण**

| जात | संख्या |
|---|---|
| वाहुन र क्षेत्री | २० |
| अन्य | १५ |
| जम्मा | ३५ |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

माथिको तालिकामा वाहुन र क्षेत्री जातिबाट बढी हेला गरिन्छ भन्नेमा उत्तर दिने उत्तरदाताको संख्या २० देखिन्छ । अन्य जातीहरूले बढी  हेला गर्दछन भन्ने उत्तरदाताको संख्या १५ देखिन्छ । विशेष गरी बाहुन क्षेत्रीको बाहुल्यता र हुनेखाने भएकाले पनि अरुभन्दा बाहुनक्षेत्रीले हेला तथा थिचोमिचो गरी राखेको पाइन्छ । यस अध्ययन क्षेत्रमा बढी मात्रमा वाहुन र क्षेत्रीहरू भएको कारण तिनिहरूबाटै लुहारहरू बढी पिडित रहेछन् भन्ने देखिन्छ । यसमा हिन्दु धर्म अनुसार लुहारलाई अछुत भनि हेर्ने परम्परागत मान्यताले गर्दा नै उनीहरूलाई समाजमा फरक दृष्टिकोणले हेर्ने गरेको   देखियो ।

## ४.४.३ लुहार जातिलाई गैर दलितबाट अछुत भनि गर्ने व्यवहारको विवरण

दलित जाति भन्ने वित्तिकै समाजमा पछाडि परेको हेपिएको जाति भन्ने बुझिन्छ । त्यसैले लुहार जाति पनि हेपिएको जाति अन्तर्गत नै पर्दछ । यस अध्ययनमा हामिले लुहारहरूलाई गैर दलितले गर्ने व्यवहार कस्तो छ भन्ने प्रश्नको जवाफमा उनिहरूबाट आएको उत्तरलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. १८ : लुहार जातिलाई गैर दलितबाट अछुत भनि गर्ने व्यवहारको विवरण**

| व्यवहार | संख्या |
|---|---|
| नराम्रो व्यवहार गर्दछन् | २० |
| नराम्रो व्यवहार गर्दैनन् | १५ |
| जम्मा | ३५ |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

माथिको तालिकामा लुहारहरूलाई गैर दलितले कस्तो व्यवहार गर्दछन भन्नेमा नराम्रो व्यवहार गर्दछन भन्ने उत्तरदाता २० जना देखिन्छ भने नराम्रो व्यवहार गर्दैनन् भन्ने उत्तरदाता संख्या १५ देखिन्छ । जुन गैर दलितको चेतनाको कमी र परम्पराको कारण पनि हो । समाजमा शैक्षिक जनशक्तिहरू बढे पनि अझ पनि समाजमा गैर दलितले लुहारलाई

नराम्रै व्यवहार गर्दा रहेछन् भन्ने कुरा यो तालिका हेर्दा प्रस्ट हुन्छ । उनीहरूमा रहेको पछौटे पन, शिक्षाको कमी, तथा छुवाछुतको कारण गैर दलितबाट नराम्रो व्यवहार हुने गरेको देखियो ।

### ४.४.४ गैर दलितको घरमा काम गर्ने लुहार जातिको कामको विवरण

नेपाल एक कृषि प्रधान देश हो । यहाँका मानिसहरूले मुख्य पेशा कृषिलाई मानेका छन् । त्यसकारण मानिसहरूलाई खेतिपातिको काम गर्न एक अर्काको सहयोगको आवश्यकता पर्दछ भने समुदायमा अन्य कामका लागि पनि एक अर्काको आवश्यकता पर्दछ । त्यसैले हामिले यस अध्ययनमा यस अध्ययन क्षेत्रमा बसोबास गर्ने लुहार जातिको बारेमा अध्ययन गरिएको हुँदा लुहार जातिहरू गैर दलितका घरमा के कस्ता कामका लागि काम गर्न जाने रहेछन भन्ने कुरा तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका नं. १९ : गैर दलितका घरमा लुहार जातिले गर्ने कामको विवरण**

| काम | संख्या |
|---|---|
| कृषिको काममा जाने | २० |
| काठको काममा जाने | ५ |
| अन्य काममा जाने | १० |
| जम्मा | ३५ |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

तालिका नं. १९ बाट के स्पष्ट हुन्छ भने कृषिको काममा जाने २० जना देखिन्छ । काठको काममा जाने ५ जना देखिन्छ, त्यस्तै अन्य काममा जाने संख्या १० देखिन्छ । यो तालिकालाई अध्ययन गर्दा यस क्षेत्रका अधिकांश लुहार जातिहरू कृषिको कामका लागि गैर दलितका घरमा बढी जाने रहेछन् ।

### ४.४.५ लुहार जातिहरूले गैर दलितहरूको काम गर्न जाँदा लिने पारीश्रमीक ज्यालाको विवरण

लुहारहरूले प्रायजसो दैनिक ज्यालादारिमा नै काम गर्ने प्रचलन रहेको छ । उनिहरूको पर्याप्त मात्रामा आफ्नो खेतिपाति नहुँदा आफ्नो खेतबारिको काम पनि त्यति हुदैन् त्यसकारण उनिहरू काम गर्नको लागि वाहिर जान्छन् । त्यसमा उनिहरू आफुले काम गरे वापत के पारिश्रमिक ज्याला के लिने गर्दछन त भनि यहाँ ३५ घरधुरीहरूलाई

सोधिएकोमा उनिहरूले आफुलाई जे आवश्कता हुन्छ त्यो नै लिने गरेको बताए । तलको तालिकाबाट उनिहरूले लिने पारिश्रमिक ज्यालाको बारेमा स्पष्ट पारिएको छ ।

**तालिका नं. २० :लुहारहरूले गैरदलितकोमा काम गर्दा लिने पारिश्रमीक ज्यालाको विवरण**

| ज्याला | संख्या |
|---|---|
| नगद ज्याला लिनेमा | २० |
| अन्न + नगद दुवै लिनेमा | १० |
| अन्नमा मात्र लिनेमा | ५ |
| जम्मा | ३५ |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने यस क्षेत्रका लुहारहरू मध्ये आफुले काम गरेवापत नगद ज्याला लिनेको संख्या २० रहेछ । त्यस्तै नगद पैसा पनि लाने र अन्न पनि लानेको संख्या १० जना रहेछन् भने आफ्नो पारिश्रमिक अन्न मात्र लिने लुहारहरूको संख्या ५ जना रहेछन् । अन्नमा ज्याला लिने कामदारहरू यहाँ पाईए पनि बढी जसोले नगद ज्याला लिएर नै काम गर्ने रहेछन् भन्ने देखिन्छ ।

### ४.४.६ गैर दलितबाट लुहारहरूलाई चाडपर्व तथा विवाह कार्यहरूमा बोलाउँदा गर्ने व्यवहारको विवरण

हाम्रो समाजमा विभिन्न जातजातिहरू बसोबास गर्दै आई रहेका छन् । कुनैपनि समुदायमा एउटा मात्र जात जातिको बसोबास भएको पाईदैन । समाजमा सबै जातजाति बस्ने भैसके पछि सबैमा एक आपसमा आवतजावत रहनसहन हुन्छ । एक अर्कालाई परिआएको बेलामा सहयोग गर्नुपर्ने हुन्छ । मानव समुदाय एक अर्काको सहयोग विना आफ्नो दैनिकी चलाउन सक्दैन । सबैको सहयोगको आवश्यकता पर्दछ । त्यसैले हामीले यस समुदायमा बसोबास गर्ने लुहारजातिहरूलाई गैर दलितहरूले विभिन्न चाडपर्व तथा विवाह व्रर्तवन्धमा बोलाउदा गैर दलितबाट कस्तो व्यवहार पाउनुहुन्छ भनि सोधिएको थियो । गैर दलितहरूमा त्यस्ता कार्यक्रमहरू हुदा आफुहरूलाई बोलाउने गरिएको र आफुहरू पनि सहभागि हुने गरेको बताए । आफुहरूलाई गर्ने व्यवहारको सन्दर्भमा कसैले समाजको चलनअनुसार अलिअलि भेदभाव हुन्छ भने, कतिले अलि बढी नै छुवाछूतपूर्ण व्यवहार, हेला गर्ने गर्दछन् भने । हामिले लुहारहरूलाई प्रश्न राखेको थियौ कि तपाईहरूलाई

गैरदलितहरूले आफ्नो कार्यमा बोलाएर जानुहुँदा कस्तो व्यवहार गर्दछन् भन्दा दलितहरूबाट आएको उत्तरलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. २१ :गैर दलितले लुहारहरूलाई आफ्नो कार्जेमा बोलाउँदा गर्ने व्यवहारको विवरण**

| व्यवहार | संख्या |
|---|---|
| राम्रो व्यवहार गर्ने | १५ |
| सामान्य व्यवहार गर्ने | १२ |
| नराम्रो व्यवहार गर्ने | ८ |
| जम्मा | २३ |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

माथिको तालिकामा गैर दलितले गर्ने व्यवहारको विवरणमा राम्रो व्यवहार गर्छन भनेर बताएउने लुहारहरूको संख्या १५ देखिन्छ । त्यस्तै सामान्य व्यवहार गर्दछन् भन्नेको संख्या १२ र नराम्रो व्यवहार गर्दछन् भन्नेको संख्या ८ पाइयो । यस तालिकालाई अध्ययन गर्दा यस क्षेत्रमा गैर दलितले लुहारहरूलाई आफ्नो कार्जेहरूमा बोलाउँदा सामान्य व्यवहार गर्ने रहेछन् भन्ने देखिए पनि केहिले नराम्रो व्यवहार देखाउने गरेको बताए । नराम्रो व्यवहारमा बढी छुवाछुत नै पाइयो ।

### ४.४.७ गैर दलितबाट लुहार जातिलाई हुने छुवाछुतको व्यवहारको विवरण

समाजमा लुहार र गैर दलित बिचमा छुवाछुतको चलन परम्पराकाल देखिनै चल्दै आएको पाईन्छ । छुवाछुतको चलन पहिला अति बढी नै थियो भने समयको परिवर्तन हुदै जादा दलितहरूमा पनि चेतनाको विकास सगै छुवाछुतमा पहिला भन्दा केही मात्रामा परिवर्तन आएपनि अझै यो छुवाछुत समाजमा विद्यमान नै रहेको छ, त्यसैले हामीले यस गा.वि.स.मा गरिएको लुहारहरूको अध्ययनबाट उनीहरूलाई गैर दलितबाट छुवाछुतको व्यवहार कस्तो पाउनु हुन्छ भन्ने कुरा राखेका थियौ त्यसमा लुहारहरूले दिएको प्रश्नको उत्तरलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका नं २२: गैर दलितबाट लुहार जातिलाई हुने छुवाछुत व्यवहारको विवरण**

| व्यवहार | संख्या | प्रतिशत |
|---|---|---|
| सामान्य छुवाछुत व्यवहार | २२ | ६२.८६ |
| नराम्रो व्यवहार | ८ | २२.८६ |
| ठिकै भन्नेमा | ५ | १४.२८ |
| जम्मा | ३५ | १०० |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

माथिको तालिकाबाट के कुरा स्पष्ट हुन्छ भने लुहार र गैर दलितको बिचमा हुने छुवाछुत पूर्ण व्यवहारमा ६२.८६ प्रतिशत अर्थात २२ जनाले सामान्य छुवाछुत हुने बताए भने २२.८६ प्रतिशत अर्थात ८ जनाले छुवाछुतको व्यवहार गैर दलितबाट नराम्रो गर्दछन् भन्ने बताए, त्यस्तै १४.२८ प्रतिशत अर्थात ५ जनाले ठिकै भन्ने दिए र विशेषत बुढापाकाहरूमा छुवाछुतको परम्परादेखि देखिन्छ र नयाँ युवायुस्तामा केही कम हुँदै गएको छ जुन चेतनास्तर तथा शिक्षा पनि यसको कारण हो । यस अध्ययनको सिलसिलामा हामीले गरिएको यस अध्ययनमा गैर दतिलहरूले लुहार माथि छुवाछुतको कारण व्यवहार हुने गरेको पाइयो । सार्वजनिक स्थानमा बढी छुवाछुत पाइयो, पानी लिने धारा, कुवामा पानी भर्न जादा छुवाछुत गर्न नपाईने अलग्गै बस्नु पर्ने, मठ मन्दिरमा लुहारहरू पस्न पुजा गर्न नहुने, वाहुन र क्षेत्रहरूको घरमा पनि भित्र बस्न दिदैनन् । लुहारहरूलाई खाने भाडा छुट्टै दिनु पर्ने अलग्गै वसेर खानु पर्ने व्यवहारहरू अझै पनि समाजमा यथावत रहेको कारण उनीहरूलाई बढी छुवाछुत गर्ने गरेको देखियो ।

### ४.४.८ लुहारहरूले गैर दलितहरूलाई आफ्नो कार्यमा बोलाउँदा गर्ने खान पिन व्यवस्थाको विवरण

समाज एउटा सबै जाति बसोबास गर्ने सार्वजनिक स्थान हो । यहाँ ठूलो सानो, धनी गरिव, वाहुन, क्षेत्री, लुहार, दमाई सबै जाति बसोबास गर्दछन् । त्यसैले यी विभिन्न जातिमा एकता हुनु पर्दछ । यस अध्ययनमा मुख्य गरी लुहार र गैर दलित बिचको सम्बन्धको बारेमा अध्ययन गर्दा लुहारको सहयोग गैर दलितलाई पनि आवश्यक परेको हुन्छ भने गैर दलितको सहयोग लुहारलाई पनि परिरहेको हुन्छ । त्यसैले यी जातिहरूमा एक अर्कामा सामाजिक सम्बन्ध रहेको हुन्छ । त्यसकारण लुहार र गैर दलितहरूको सम्बन्ध समाजमा दाजुभाई सरहनै देखिन्छ । उनीहरू एक अर्कालाई समस्या परिआएको बेला मद्दत गर्ने र विभिन्न चार्ड

पर्व, विवाह, वर्तबन्ध जस्ता कार्यहरूमा पनि एक अर्काकोमा जाने गरेको पाईन्छ । त्यस कारण गैर दलितहरू लुहारकोमा यस्ता कार्यहरूमा उपस्थित हुँदा उनीहरूलाई छुट्टै खान पिनको व्यवस्था गर्ने परम्परा रहदै आएको छ । लुहारहरूको विवाह वर्तबन्धमा गैर दलितहरू उपस्थित हुन्छन् । उनीहरूलाई वाहुन र क्षेत्रीहरूबाट नै छुट्टै भान्सा लगाएर गैर दलितहरूलाई भोज भतेर खुवाउने चलन गाँउमा रहेको पाइयो । यस्तो कार्यले लुहार र गैर दलित बिचको सम्बन्ध नजिक रहेको देखिन्छ । उनीहरूले समाजमा गैर दलितहरूलाई भोज भतेरको व्यवस्था गर्ने चलन चल्ती सबैमा एउटै खालको रहेको बताए । जस्तो किसीमको समाजमा परम्परा चल्दै आएको छ त्यही अनुसार आफूहरू पनि अगाडी बढ्दै आएको उनीहरूको भनाई छ । सामाजमा विस्तारै विस्तारै छुवाछुत जातिय विभेद हट्दै गएको लुहारहरूको पनि चेतनामा विकास हुदै गएको देखिन्छ ।

### ४.४.९ लुहार जाति र गैर दलितहरूको सम्बन्धलाई बलियो बनाउन गर्नु पर्ने कार्यको विवरण

यस दार्चुला जिल्ला शिखर गा.वि.स.मा रहेका लुहार र गैर दलितहरूको सम्बन्धको बारेमा व्यख्या गर्नु पर्दा के स्पष्ट हुन्छ भने यस समुदायमा बस्ने लुहार तथा वाहुन क्षेत्रीहरू एक आपसमा मिलेर नै बसोबास गरेको भेटिन्छ । उनीहरूको सम्बन्ध राम्रो नै भएता पनि लुहार जातिहरूमा अझै उनीहरूको स्थिती माथि उठ्न सकिराखेको छैन् । गरिवी यथावत नै छ । शिक्षामा अझै गैर दलित सरह पुग्न सकेका छैनन् आर्थिक पक्षबाट पनि लुहारहरू गैर दलित भन्दा कमजोर नै भएको पाईन्छ । त्यसैले हामीले लुहारहरूलाई प्रश्न सोध्ने कार्य गरिएको थियो । त्यसबाट लुहारहरूले दिएको उत्तरको विवरणलाई तालिका मार्फत स्पष्ट पारिएको छ ।

**तालिका नं २३ : लुहार जाति र गैर दलितहरूको सम्बन्धलाई बलियो बनाउन गर्नु पर्ने कार्यको विवरण**

| कार्य | संख्या | प्रतिशत |
|---|---|---|
| छुवाछुतको अन्तय गर्नुपर्छ भन्नेमा | २० | ५७.१४ |
| आर्थिक पक्षमा सुधार गर्नु पर्छ भन्नेमा | ८ | २२.८६ |
| शिक्षामा अगाडी बढ्नु पर्छ भन्नेमा | ७ | २०.०० |
| जम्मा | ३५ | १०० |


**स्रोत : स्थलगत अध्ययन, २०७३**

उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने यहाँ ३५ घरधुरीमा गरिएको अध्ययनमा लुहार र गैर दलितहरूको सम्बन्धलाई बलियो बनाउन के गर्नु पर्ला भन्ने सर्न्दभमा उनीहरूबाट ५७.१४ प्रतिशत अर्थात २० जनाले छुवाछुत भावनालाई अन्त्य गर्नु पर्दछ भन्ने जवाफ दिए भने २२.८६ प्रतिशत अर्थात ८ जनाले लुहारहरूको आर्थिक पक्षमा सुधार ल्याउनु पर्छ भन्ने कुरा राखे भने २० प्रतिशतले अर्थात ७ जनाले लुहारहरू गैर दलित सरह शिक्षामा अगाडी बढ्न सके लुहार र गैर दलित बिचको सम्बन्धलाई बलियो बनाउन सकिन्छ भन्ने कुरा बताए । लुहारहरू आर्थिक सामाजिक,राजनैतिक, शैक्षिक पक्षमा कमजोर देखिन्छ । यिनीहरूको यी सबै पक्षहरू अगाडी बढाउन सकेमा मात्र गैर दलित सरह शिक्षामा प्रगति हुन सक्छ । र लुहार र गैर दलित बिचको सम्बन्ध सुमधुर बन्दै अगाडी बढाउन सकिन्छ ।

### ४.४.१० उत्तरदाताको पारिवारिक पेशाको विवरण

मानिसहरूले आफ्नो आधारभूत आवश्यकता परिपूर्तिका लागि आर्थिक आम्दानी गर्न विभिन्न कार्य तथा व्यवसायहरू अपनाउनु पर्दछ । त्यस्तै गरी यस अनुसन्धानमा पनि लुहारले उत्तरदाताको पेशाको विवरणलाई छुट्टै लियो भने उत्तरदाताको परिवार भित्र पनि पारिवारिक सदस्यहरू कुन कुन कार्यमा संम्लग्न रहेका छन् भनी उत्तरदाताको परिवारको सदस्यहरको पेशाको विवरण लिने कार्य गरिएको थियो । त्यसमा उत्तरदाताको घरपरिवारको जनसंख्यामा कुन कुन पेशा अपनाउने सदस्यहरू रहेका छन् भनी अध्ययन गरिएको थियो । त्यसलाई तलको रेखाचित्रबाट स्पष्ट गरिएको छ ।

**रेखाचित्र नं ८ :उत्तरदाताको पारिवारीक पेशाको विवरण**




**स्रोतः स्थलगत अध्ययन,२०७३**

उक्त रेखाचित्रबाट के स्पष्ट हुन्छ भने यहाँ अध्ययन गरीएका ३५ घरधुरी मध्येमा उत्तरदाताको पारिवारीक पेशाको विवरणलाई हेर्दा कृषि पेशामा संम्लग्न ३७.१४ प्रतिशत अर्थात १३ जना पाइयो । भने दैनिक ज्यलादारीमा काम गर्नेको संख्या १४.८६ प्रतिशत अर्थात ५ जना रहेको र व्यपार गर्ने १४.८६ प्रतिशत ५ जना त्यस्तै गरी वैदेशिक रोजगारीमा जानेको संख्या ८.५७ प्रतिशत अर्थात ३ जना रहेको पाइयो । निजामती सेवामा जागिर गर्ने ५.७१ प्रतिशत अर्थात २ जना रहेको र अन्य २० प्रतिशत अर्थात ७ जना रहेको पाइयो । यसरी उत्तरदाताको पारिवारीक पेशाको विवरणलाई हेर्दा सबभन्दा बढी वेरोजगारी अर्थात कुनै पेशामा नलागेकाको संख्या बढी र पेशामा लाग्नेहरूमा दैनिक ज्यालादारीमा काम गर्नेको संख्या बढी पाइयो । उनीहरूको मुख्य पेशा कृषि मानिएता पनि आफ्नो खेतिपातीमा दैनिक काम नहुँदा उनीहरू बढी ज्यालादारी काम गर्ने गरेको पाइयो ।

# अध्याय पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

यस अध्ययनमा मुख्य गरी दार्चुला जिल्ला शिखर गा.वि.स.का विभिन्न वडाहरूमा बसोबास गर्दै आएका लुहारहरू मध्ये वडा नं. १ का शिखर गाँउका लुहारहरूको अध्ययन गर्दा सम्पुर्ण घरधुरीको जम्मा जनसंख्या २७४ रहेको छ। यहाँ केटा केटीको तुलनामा वृद्धको संख्या कम देखिन्छ।

यस अध्ययनमा मुख्य गरी उत्तरदाताको विवरणलाई आधार मानेर तथ्याङ्क संकलन गर्ने कार्य गरियो त्यसमा अध्ययनकर्ताले सोधीएका प्रश्नहरूको उत्तर, उत्तरदाताले दिएको विवरणबाट नै तथ्याङ्कहरू संकलन गरी तथ्य निकाली त्यसलाई प्रतिशतको आधारमा तालिकीकरणबाट व्याख्या गरीयो। यसै क्रममा व्याख्या गर्दा घर मूलीसँग प्रश्न सोध्ने क्रममा यहाँ ८ जना महिला घरमुली रहेको र २७ जना पुरुष घरमुली रहेको पाइयो। यसमा के स्पष्ट हुन्छ भने लुहार परिवारमा महिला भन्दा पुरुष घर मुलीको रूपमा बढी रहेको देखिन्छ। यहाँका लुहारहरूको धर्मलाई हेर्दा प्राय सबै हिन्दु धर्म नै मान्ने गरेको देखिन्छ।

यसरी नै लुहारहरूको उत्तरदाताको पेशाको विवरणलाई हेर्दा कृषिमा १० जना अर्थात् २८.५७ प्रतिशत, वैदेशिक रोजगारीमा ३ जना अर्थात् ८.५७ प्रतिशत, निजामतीमा २ जना अर्थात् ५.७२ प्रतिशत, जातिय पेशामा ५ जना अर्थात् १४.२८ प्रतिशत र अन्यमा ३ जना अर्थात् ८.५७ प्रतिशत रहेको पाइयो।

त्यसैले यस जातिको मुख्य पेशा कृषि भएता पनि साँगसँगै अन्य पेशा तथा व्यवसायहरू गर्न थालेको पाइयो भने लुहारहरूको जातिय पेशा हराउदै गएको पाइयो। यहाँका उत्तरदाताहरूलाई आधार मान्दा शैक्षिक स्थिती न्युन पाइयो। यहाँ निरक्षर ४८.५७ प्रतिशत अर्थात १७ जना र साक्षर २८.५७ प्रतिशत अर्थात ९ जना रहेको पाइयो। तर अहिले लुहार जातिमा पनि शिक्षाको विस्तारै चेतना भएको पाईन्छ। किन भने यहाँका सबै जसो बालबालिकाहरूलाई विद्यालय पठाउने गरेको पाइयो।

यहाँका लुहारहरूको पारिवारिक संरचनाको अध्ययन गर्दा एकल परिवारमा ६२.८५ प्रतिशत अर्थात २२ जना, संयुक्त परिवारमा ३७.१५ प्रतिशत अर्थात १३ जना पाइयो । यसबाट यहाँका लुहार जातिमा पनि विस्तारै सानो परिवार तर्फ उन्मुख हुदै जाने प्रवृति बढेको विवाह गर्ने बित्तिकै छुट्टीएर भिन्दै बस्ने चलन रहेको पाइयो ।

त्यस्तै गरी यहाँका लुहारहरूको आर्थिक अवस्थालाई अध्ययन गर्दा आर्थिक अवस्था थोरैको मात्र अलि राम्रो देखियो । भने धेरैको न्युन अवस्थामा नै उनीहरूको स्थिती गुज्रीरहेको पाइयो । लुहारहरूको आर्थिक स्थिती उच्च तथा परिवारमा विभिन्न काम तथा रोजगारीमा संम्लग्न भएका परिवारहरूको स्थिती १४.२८ प्रतिशत अर्थात ५ घरपरिवारको राम्रो स्थिती रहेको पाइयो भने २२.८६ प्रतिशत अर्थात ८ घरपरिवारहरूले आर्थिक अवस्था मध्यम खालको रहेको पाइयो र २.८६ प्रतिशत अर्थात २२ जना उत्तरदाताको आर्थिक अवस्था ज्यादै निम्न रहेको पाइयो । यस अध्ययनमा लुहारहरूको आर्थिक अवस्था केही मात्रमा सुधारीदै गए पनि धेरैको आर्थिक अवस्था कमजोर नै रहेको दैनिक ज्यालादारीमा नै बढी भर पर्नु पर्ने अवस्था देखियो ।

लुहारहरूको जग्गाको स्वामित्वमा अध्ययन गर्दा यहाँका लुहारहरू भूमीहिन कोही पनि पाईएन किन कि सानो घडेरी भए पनि आफ्नो नै रहेको पाइयो यसका ६८.५७ प्रतिशत अर्थात २४  घरमा १ देखि ३ हलसम्म जग्गा भएको र २२.८६ प्रतिशत अर्थात ८ घरमा ३ देखि ६ हालसम्म र ८.५७ प्रतिशत अर्थात ३ घरमा १ देखि २० दुरसम्म जमिन रहेको अवस्था भेटियो त्यस कारण यहाँका लुहारहरूमा बढी खेति योग्य जमिन भए पनि वा चउर भए पनि आफ्नो नाममा दर्ता भएको हुदा भूमिहिन भने कोही पाईएन् ।

त्यस्तै गरी यहाँका लुहारहरूको खाद्य आपूर्तिसम्बन्धी गरिएको अध्ययनमा ६२.५८ प्रतिशत अर्थात २२ जना घरपरिवारमा १ महिना देखि ३ महिनासम्म खान पुग्ने ११.४३ प्रतिशत अर्थात ४ घरपरिवारमा ३ महिना देखि ६ महिनासम्म खान पुग्ने र त्यस्तै गरी ११.४३ प्रतिशत अर्थात ४ घरपरिवारमा ६ महिना देखि १२ महिनासम्म खान पुग्ने र कति पनि खान नपुग्नेहरूमा १४.२६ प्रतिशत अर्थात ५ घरपरिवारहरू पाइयो । यसरी हेर्दा लुहारहरूको खाद्यान्न उत्पादनमा कमी छ भन्ने कुरा अध्ययनबाट जानकारी पाइयो ।

लुहारहरूले आफ्नो व्यवहार चलाउनको लागि ऋणको उपलब्ध गराउने स्रोत माध्ययको अध्ययन गर्दा उनीहरूले ६८.५८ प्रतिशत अर्थात २४ जना घरपरिवारले साहुबाट ऋण लिने गरेको ११.४३ प्रतिशत अर्थात ४ घरपरिवारले बैंक र ५.७२ प्रतिशत अर्थात २

घरपरिवारले गाँउमा स्थापित संहकारी संस्था र १४.२७ प्रतिशत अर्थात ५ घरपरिवारले छरछिमेकबाट नै सरसापटी गर्ने गरेको स्थिती पाइयो । यसैले यो कुरा स्पष्ट हुन्छ की लुहारहरूले अझै पनि साहुबाट नै ब्याजमा पैसा चलाउदै ऋण खाने चलन यथावत नै रहेको पाइयो ।

त्यस्तै गरी लुहारहरूले आफ्नो आर्थिक अवस्थालाई सहयोग मिल्ने हुदा उनीहरूले पशुपंक्षी पालेको पाइयो । त्यसमा उनीहरूले प्राय जसो धेरैले भैसी, गोरु, बाख्रा, कुखुरा, पाल्ने बढी पाइयो । कुखुरा, बाख्रा, सुगुर पाल्ने मात्र पनि देखिए । यसले गर्दा उनीहरूको आम्दानीमा सपोट गरेको स्थिती पाइयो । उनीहरूको पशुपालनबाट हुने आम्दानीका कुरा गर्दा १४.२८ प्रतिशत अर्थात ५ घरपरिवारले ७५ हजार देखि १ लाखसम्म वार्षिक आम्दानी गरेको र ५७.१४ प्रतिशत अर्थात २० घरपरिवारले ५० हजार देखि ७५ हजारसम्म आम्दानी गरेको, २० प्रतिशत अर्थात ७ घरपरिवारले ३० हजार देखि ५० हजारसम्म वार्षिक आम्दानी गरेको र ८.५७ प्रतिशत अर्थात ३ घरपरिवारले १० हजार देखि ३० हजारसम्म वार्षिक आम्दानी गरेको पाइयो । यसले गर्दा लुहार घरपरिवारमा पशुपालनबाट हुने वार्षिक आम्दानीले ठूलो मात्रामा परिवर्तन ल्याउन नसके पनि कुखुरा र बाख्रा पालनबाट भने आफूलाई चाहिएको बेलामा नगद आम्दानी हुने र आर्थिक समस्यालाई टार्न सकिने अवस्था देखियो । त्यस्तै गरी लुहारहरूको आर्थिक पक्षको कुरा गर्दा सोधीएका प्रश्नमा उनीहरूबाट लुहार परिवार बढी मात्रामा कृषि पेशामा लाग्नाले र कृषिबाट उब्जनी कम हुने कारण देखाउनेमा २८.५७ प्रतिशत अर्थात १० घरपरिवार भेटिए । १७.१३ प्रतिशत अर्थात ६ घरपरिवारले परम्परागत पेशालाई मुख्य आधार मान्नाले आर्थिक अवस्था कमजोर हुन पुग्यो भने २५.७१ प्रतिशतले दलितहरूमा चेतनाको कमिको कारण देखीयो । १४.८५ प्रतिशतले शिक्षाको कमी र १४.८५ प्रतिशतले गरिवीको कारण आर्थिक अवस्था कमजोर हुन पुगेको भन्ने पाइयो । आर्थिक अवस्थालाई अगाडी बढाउनको लागि रोजगारिको अवसर शिक्षामा जोड आर्थिक उन्नती हुने खालको सिप सिकाउनु पर्छ भन्ने भनाई उनीहरूमा रहेको छ ।

यसरी लुहारहरूको आर्थिक अवस्थामा आएको परिवर्तनको कुरा गर्दा उनीहरूमा पहिलाभन्दा निकै सुधार हुँदै गएको छ । त्यसमा उनीहरूको सामाजिक पक्षमा, आर्थिक पक्षमा, शैक्षिक पक्षमा, परिवर्तन भएको पाईन्छ । उनीहरूमा आर्थिक पक्षमा सुधार देखिनुको कारण उनीहरूले आफ्नो पुर्खौली पेशा विस्तारै परिवर्तन गर्दै गएको, परिवारमा शिक्षाको चेतना हुँदै गएको र वैदेशीक रोजगारिमा जाने प्रचलनले गर्दा गाँउ घरमा पनि विभिन्न

पेशा तथा व्यवसायहरू अपनाउनाले लुहारहरूको आर्थिक अवस्थामा सुधार हुँदै गएको देखिन्छ ।

यसरी उनीहरूमा परिवर्तन ल्याउनमा गैर दलितहरूबाट पनि केही मात्रमा सहयोग पाईएको र विभिन्न संघ संस्था मार्फत दलितहरूको आर्थिक अवस्था अगाडी ल्याउनु पर्छ भन्ने मान्यताले समुह बनाई त्यस समुहमा अति न्युन गरिबहरूका लागि बाखा पालन भनेर केही सहयोग गरेको, त्यसमा गरिब निवारण संस्थाले सहयोग गरेको पाइयो ।

यसरी समयअनुसार विकास हुँदै जादा लुहारहरूमा पनि उनीहरूको जिवन शैलीमा परिवर्तन हुदै अगाडी बढ्दै जादा उनीहरूले प्रयोग गर्ने विद्युतिय सामग्रीहरूमा मोवाईल प्राय जसो सबै परिवारले लिएको, टि.भी रेडियो प्राय जसो कम संख्यामा भएको पाइयो ।

उनीहरूको शैक्षिक अवस्थालाई हेर्दा त्यहाँ गरिएका ३५ घरधुरी लुहार परिवारको शैक्षिक अवस्था, प्राथमीक तहको शिक्षा बढी संख्यामा लिएको र माथिल्लो शिक्षामा विस्तारै कम हुँदै गएको पाइयो ।

यसरी नै दलितहरूको पुर्खौली पेशा पनि विस्तारै लोप हुँदै गएको अवस्थामा रहेको पाइयो । त्यसमा लोप हुँदै जानुको कारण लुहार परिवारहरूले अन्य पेशा अपनाउन थालेको, वैदेशिक रोजगारमा जानाले र शिक्षामा आएको पविर्तनले गर्दा दलितहरूको पुर्खौली पेशा लोप हुने अवस्थामा देखियो भने उनीहरूको जिवन स्तरमा सुधार ल्याउनको लागि आर्थिक पक्ष, शैक्षिक पक्ष, र रोजगारी पक्षमा जोड दिनु पर्छ भन्ने कुरा उनीहरूको भनाईबाट स्पष्ट हुन्छ । नेपाल सरकारबाट दलितहरूको लागि रोजगारिको व्यवस्था, शिक्षामा दलितहरूको पहुँच र सिपमुलक तालिम दिने व्यवस्था गर्नु पर्छ भन्ने भनाई रहेको पाईन्छ ।

यसरी नै यस अध्ययनमा लुहार र गैर दलित बिचको सम्बन्धलाई नियाल्दा गाँउमा लुहार र वाहुन क्षेत्रीको बसोबास भएको सामान्य छुवाछुतको भावना बाहेक अरु त्यस्तो नराम्रो व्यवहार नहुने र एक आपसमा धेरै जसोको सम्बन्ध राम्रो नै रहेको देखियो भने थोरैले वाहुन र क्षेत्री जातिले केही मात्रमा हेप्ने गरेको देखियो । कामको सिलसिलामा लुहारहरू गैर दलितकोमा बढी खेतिपातिको काम गर्न जाने र घर बनाउन, काठको काम र अन्य कामको लागि जाने गरेको र काम गरे वापत ज्याला र अन्न प्राप्त गर्ने चलन रहेको पाइयो ।  काम गर्न गैर दलितको घरमा जादाँ प्रया जसो घरपरिवारले दलितहरूलाई राम्रो नै व्यवहार गर्ने गरेको र केही परिवारले अलि बढी छुवाछुतको भावना देखाउने गरेको कुरा उनीहरूले बताए । लुहारहरूलाई गैर दलितको विभिन्न सामुहिक कार्य जस्तो, विवाह,

व्रतबन्ध, तथा अन्य कार्यहरूमा बोलाउने गरेको तर उनीहरूलाई छुट्टै बस्ने खाने व्यवस्था गर्ने चलन छ भने त्यसमा कसैले सामान्य छुवाछुत गर्दछन् भने कसैले अलि बढी छुवाछुत गर्ने चलन रहेको र दलितहरूले पनि आफ्नो सामुहिक कार्यमा गैर दलितहरूलाई बोलाउने र उनीहरूलाई खाने बस्ने छुट्टै किसीमको व्यवस्था गराउने गरेको पाइयो ।

यसरी लुहार र गैर दलितको सम्बन्धलाई बलियो बनाउन के गर्नु पर्ला भन्ने कुरामा उनीहरूले छुवाछुतको भावनालाई कम गर्नु पर्छ भन्नेमा बढी जोड दिए भने लुहारको आर्थिक पक्षमा सुधार भयो भने गैर दलित सरह शिक्षामा अगाडी बढ्न सके लुहार र गैर दलितको सम्बन्ध सुमधुर हुन्छ भन्ने भनाई पाइयो ।

लुहारहरूको पारिवारीक पेशाको विवरणलाई हेर्दा बढी कृषि पेशामा लागेको, त्यस पछि ज्यलादारी कामदार पाईए भने व्यापार, वैदेशिक रोजगारमा लागेको पाइयो । शिक्षक,सेना प्रहरी सेवामा ज्यादै न्यून उपस्थिती रहेको भेटियो ।

यसरी हामीले यस सानो क्षेत्रमा गरिएको अध्ययनमा ३५ घरधुरीको जनसंख्या १८३ मध्ये पुरुष ८७ जना र महिला ९६ जना रहेको छ ।

उनीहरूको जिवन शैलीको कुरा गर्दा सामान्य जनजिवन र आफ्नै खालका सांस्कृतिक संस्कार धर्महरू रहेको पाइयो भने उनीहरूले मान्ने चार्ड पर्वमा प्रार्य वाहुन र क्षेत्री जातिले मनाउदै आएका पर्वहरू नै मान्ने गरेको देखियो ।

**५.२ निष्कर्ष**

कुनै पनि विषयको अध्ययन अनुसन्धान गरी सकेपछि त्यसबाट अध्ययन गर्नुको उद्देश्य र त्यस अध्ययनबाट आफूले के कस्ता जानकारीहरू प्राप्त गर्न सकियो भन्ने कुरालाई प्रमाणीत गर्नु पर्ने हुन्छ । त्यस कारण हामीले यस दार्चुला जिल्लाको शिखर गा.वि.स स्थिती शिखर गाउ वडा नं. १ मा बसोबास गर्ने लुहार जातिहरूको जम्मा ३५ घरधुरीलाई अध्ययनमा समेटी अध्ययन अनुसन्धान गरियो ।

यस अनुसन्धानको मुख्य उद्देश्य भनेको त्यस ठाँउका लुहारहरूको व्यवसायीक आर्थिक पक्षसँग सम्बन्धित रहेर अध्ययन गरी त्यसबाट आफूले लिएको जानकारीलाई स्पष्ट पार्न सक्नु हो । यहाँ हामीले गरिएको सानो अध्ययनबाट नेपालका जुन सुकै ठाँउको लुहार परिवारको आर्थिक अवस्था एकै खालको नै हुन्छ भन्न सकिदैन । मानिसको ठाँउ अनुसारको आ-आफ्नो अवस्था फरक फरक हुन्छ किनकी कुनै ठाँउका लुहारहरूको स्थिती एकदमै

दुःख लाग्दो र गरिब छ भने, कुनै ठाँउको लुहारहरूको स्थितीमा परिवर्तन हुदै उनीहरू अगाडी बढीरहेको पाईन्छ । त्यस कारण यस सानो क्षेत्रमा गरिएको अध्ययनले सम्पूर्ण लुहारहरूको पक्षलाई व्याख्या गर्न मिल्दैन् । त्यस कारण यस अध्ययनबाट के कुरा स्पष्ट हुन्छ भने दलित जाति भित्र पर्ने लुहार जातिहरूमा यिनीहरूको अवस्था अन्य दलितहरूको भन्दा राम्रो नै भए पनि यीनीहरूको समाजमा अझै अरु गैर दलित सरह पुग्न सकेको छैन् । समाजमा लुहार समुदायलाई हेर्ने दृष्टिकोण अलि फरक रहेको छ । लुहारहरू भनेका समाजमा आर्थिक पक्षबाट पछाडी परेका, शिक्षामा चेतनाको अभाव, गरिबी, रोजगारिको पक्षमा पछाडी, परेको लुहार जातिहरूको अवस्था समाजमा निम्न खालको देखियो । तर अहिलेको समयमा लुहारहरूमा पनि अगाडी बढ्ने क्रम तिर बढेको देखिन्छ ।

यस अनुसन्धानमा मुख्य कुरा हामीले यस अध्ययनमा मुख्य गरी तिन वटा उद्देश्यहरूलाई आधार मानि यस ठाँउको अध्ययन गरियो । त्यसमा प्रथम लुहार जातिको व्यवसायीक आर्थिक पक्षको अध्ययन गर्नु रहेको थियो । त्यसैले यहाँ लुहार जातिको आर्थिक पक्षको बारेमा भन्नु पर्दा त्यस ठाँउका लुहार परिवारहरूमा पहिलाको तुलनामा धेरै परिवर्तन भएको देखियो । उनीहरूमा पहिला आफ्नो आर्थिक अवस्था कमजोर भएका कारण गाँउका, साहुहरूकोमा दिन रात सस्तोमा आफ्नो श्रम गर्थे र श्रम गरे वापत न्युन पारीश्रमीक ज्याला तथा अन्न दिने गर्दथे । एक छाक खानाको भरमा ५/६ घन्टा काम गर्नु पर्ने स्थिती थियो भने अहिले त्यस स्थितीबाट परिवर्तन भई लुहारहरूमा आफ्नै काम धन्दा गर्ने, आफ्नै खेति पाति गर्ने, व्यापार तथा पशुपालन र अन्य वैदेशिक रोजगारि तर्फ जाने चलनले उनीहरूमा निकै परिवर्तन भएको कुरा देखियो । उनीहरूले गैर दलितकोमा आफ्नो श्रमलाई सस्तोमा काम गर्न छाडेको र लुहारहरूमा चेतनामा आएको परिवर्तन र उनीहरूमा काम गर्ने सैलीमा आएको परिवर्तनले गर्दा उनीहरूको आर्थिक स्थितीमा केही मात्रामा भए पनि सकारात्मक सुधार हुदै अगाडी बढेको पाइयो । यसमा सम्पुर्ण लुहारहरूमा परिवर्तन नदेखिए पनि धेरै मात्रामा उनीहरूको आर्थिक अवस्थामा परिवर्तन देखिदै गएको छ । लुहारहरू सक्रिय भई नगद आम्दानी हुने कार्यमा संम्लग्न भएको देखिएता पनि सबैको आर्थिक अवस्था एकै खालको छैन् । कसैको अवस्था अझै कमजोर देखियो भने, कसैको केही मात्रामा सुधार भएको छ । लुहार परिवारमा आज भोली सीप बढेको छ । उनीहरूले फर्निचरको काम, घर बनाउने काममा दैनिक ज्यालादारी काम गरी आर्थिक आम्दानी गरेको देखियो । त्यस्तै गरी पशुपालनबाट आर्थिक पक्षलाई सहयोग भएको र वैदेशिक रोजगारिमा जानाले त्यसबाट कमाएको पैसा जमिन किन्ने आफ्नो जमिनबाट भएको आम्दानीले केही मात्रामा

खाद्यान्न आपुर्तिमा सहयोग भएको देखियो । वैदेशिक रोजगारीबाट आएको पैसा लगानी गरी व्यापार व्यवसाय गरी लुहारहरूले आफ्नो आर्थिक पक्षलाई सुधार्दै अगाडी बढ्ने क्रम पाइयो । अरु आर्थिक अवस्था कमजोर भएका अति गरिव परिवारहरूमा पनि केही सहयोग गरी उनीहरूको जिवन जिउनको लागि भोकालाई एक छाक खाना हैन जिउने जुक्ती सिकाउ भन्ने मान्यताले त्यहाको समाज अगाडी बढेको देखियो । हामीले यस लुहार जातिको अध्ययन गर्नुको मुख्य उद्देश्य लुहार जातिहरूले आफ्नो व्यवसायीक आर्थिक जिबीको पार्जन कसरी चल्दै अगाडि बढेको छ भन्ने कुरामा अध्ययनमा आधारित रहि यस लुहार जाति र अन्य जातिको आर्थिक सम्बन्धको बारेमा अध्ययन गरियो । त्यस्तै गरी लुहारहरू अहिलेको अवस्थामा देखा परेका विभिन्न परिवर्तनहरूको बारेमा विश्लेषण गर्ने कार्य गरियो

यस शिखर गा.वि.स.का लुहार परिवारहरूको आर्थिक पक्षलाई हेर्दा त्यस ठाँउका लुहारहरूको आर्थिक पक्ष कमजोर नै भन्न मिल्दैन किन भने उनीहरूमा समय अनुसार अगाडी बढ्दै गएको विभिन्न पेशा तथा व्यवसायमा आवद्ध रहेको र केही न केही कार्यमा संलग्न रहेको पाइयो । त्यस कारण यस ठाँउका लुहारमा गरिएको अध्ययनबाट यस क्षेत्रका लुहारहरूको अवस्थालाई ज्यादै गरिव अथवा दुःख लाग्दो अवस्था भन्न नमिल्ने स्थितीमा रहेको पाइयो ।

दोस्रो कुरा यसको मुख्य उद्देश्य यस जातिमा देखा परेका परिवर्तनहरूको बारेमा कुरा गर्दा यस जातिको पहिलाको स्थिती र अहिलेको स्थितीको कुरा गर्दा निकै परिवर्तन देखिन्छ । उनीहरूको हरेक पक्षमा परिवर्तन देखिएको छ । जस्तो शिक्षामा परिवर्तन, रोजगारीमा परिवर्तन, सामाजिक मुल्य मान्यताहरूमा परिवर्तन देखिएको छ । लुहारहरूलाई छुवाछुतको चलनले गर्दा अछुत भनेर गरिने व्यवहारहरूमा परिवर्तन, पहिलाको स्थितीलाई हेर्दा अहिले विस्तारै परिवर्तन हुदै गएको पाईएको छ । जस्तो लुहारहरू गैर दलितहरूकोमा बढी काम गर्ने, हलि गोठाला बस्ने, वाहुन धनी साहुहरूको सेवा गर्ने, उनीहरूले जे जस्तो व्यवहारहरू गरे पनि सहनु गर्ने वाध्यता थियो भने अहिले त्यस्तो अवस्थामा केही मात्रामा सुधार हुदै अगाडी बढ्दै गई रहेको देखिन्छ । आज भोली लुहारहरू आफ्नो हक र हितको लागि विभिन्न आन्दोलन गर्ने गरेको र गैर दलितहरूबाट केही नराम्रो व्यवहार भए पनि उनीहरूलाई दन्ड, सजाय दिने कुरामा लुहारहरू अगाडी बढ्दै गएको पाइयो ।

त्यस्तै गरी यस लुहार जाति र अन्य जातिको सम्बन्धको कुरा गर्दा यस जातिको आफ्नो छुट्टै ठाँउमा कुनै बसोबास रहेको छैन् । समाजमा छिरलीएर बसोबास गरेको लुहार

परिवारहरूमा अन्य जातिहरू जस्तै वाहुन क्षेत्री, लुहारसँग मिलेर बस्नु पर्ने बाध्यता छ । त्यस कारण हामीले अध्ययन गरिएको लुहारहरूको समुदायमा पनि बढी वाहुन र क्षेत्री वस्ती रहेको छ । त्यस कारण लुहारहरूलाई वाहुन र क्षेत्रीहरूले गर्ने व्यवहारमा छुट्टाछुट्टै खालको विभेद रहेको पाईन्छ । लुहार भएकै कारण गैर दलितहरूबाट आफुहरूले भोग्दै आएका दुःख पिडाहरू पनि उनीहरूमा छन् तर पनि समाजमा बसिसकेपछि मिलेर बस्नु पर्दछ भन्ने किसीमको भावना हुनाले यस क्षेत्रका लुहारहरू र वाहुन क्षेत्रीहरूको सम्बन्ध सामान्य नै रहेको छ ।

यसरी निष्कर्षमा भन्नु पर्दा यस क्षेत्रका लुहारहरूको आर्थिक पक्षलाई आधार मान्दा उनीहरूमा पहिलाको स्थितीबाट सुधार हुने क्रममा देखियो, भने उनीहरूको व्यावसायमा पहिलाको भन्दा परिवर्तन भएको, पुर्खौली पेशा र खेती पातीमा मात्र सिमीत नभई अन्य पेशा तथा व्यवसायहरूमा लाग्न थालेको, थोरै भए पनि आर्थिक आम्दानी हुने व्यवसाय जस्तो कुखुरा, बाखा, सुगुर पालन गरी नगद आम्दानी गर्ने र आफूहरूले दैनिक ज्याला दारीमा काम गर्दा श्रम गरे अनुसारको ज्याला प्राप्त गर्ने गरेको पाइयो । उनीहरू अरुको कामभन्दा आफ्नै काममा बढी ध्यान दिने, शिक्षामा पनि जोड दिएको आफ्ना सन्तानहरूलाई सबैले स्कुल पठाउने गरेको र शिक्षाबाट नै उनीहरूको चेतनामा आएको परिवर्तनसँगै सम्पूर्ण पक्षमा सकारात्मक परिवर्तन हुदै गएको कुरा यस अनुसन्धानबाट प्राप्त गरियो । उनीहरूले विस्तारै विस्तारै आफ्नो जमिन पनि जोड्ने क्रममा देखियो । अरुको अधिया कमाएर साहुलाई आधा अन्न बुझाउने चलनमा पनि अहिले विस्तारै छाड्दै गएको पाइयो । अरुको जग्गा कमाएर आधा अन्न बुझाउनु भन्दा अन्य पेशा व्यवसाय गरी नगद आम्दानी गर्ने चलन बढ्दै गएको देखियो । यसरी लुहारहरूको जिवन पद्दतिमा पहिलाभन्दा अहिले उनीहरूको हरेक पक्षमा परिवर्तन हुँदै अगाडी बढ्दै गएको कुरा यस अध्ययनबाट स्पष्ट हुन्छ ।

## सन्दर्भ ग्रन्थसूची

केन्द्रीय तथ्याङ्क विभाग, (२०६८), *अन्तिम नतिजा, ११ औं राष्ट्रिय जनगणना,* काठमाडौं : लेखक ।

कोइराला, विद्यांनाथ (२०६३), *संविधानसभा राज्य पुनर संरचना र दलित,* काठमाडौं : अफिस सपोट सर्भिस सेन्टर छापाखाना प्रा.लि. टेकु ।

खड्का, अञ्जु (२०६३), *दलित साग नजोडिएको विकाश,* काठमाडौं : अफिस सपोट सर्भिस सेन्टर छापाखाना प्रा.लि. टेकु ।

गिरी, जेवेन्द्रदेव (२०५५), *दलित समुदायका शैक्षिक तथा सांस्कृतिक समस्या र समाधानका उपायहरू,* काठमाडौं : त्रियुगा अफसेट प्रिन्टिप प्रेस, पुतलीसडक ।

सागर, डि.वी (२०००), *नेपालमा दलित उत्थानका जल्दावल्दा सबालहरू,* काठमाडौं : नेपाल लिथोग्राफिर कम्पनि ।

दुलाल, विश्वभक्त (२०१०), *हिन्दु समाज मा दलित मुक्तिको प्रश्न,* ललितपुर : समता फाउण्डेशन ।

न्यौपाने, गोविन्द (२००५), *नेपालको जातिय प्रश्न : सामाजिक बनौट र साझेदारीको सम्भावना,* काठमाडौं : कोसी प्रिन्टिर प्रेस ववरमहल ।

पौड्याल, वाामदेव (२००८), *संघिय जनतान्त्रिक समाजबादि गणतन्त्र नेपालको नमुना संविधानको प्रस्तावित मसौदा,* काठमाडौं : आर्दश अफसेट ।

प्रो.झा, (२०००), *दलित वर्गको गरीवी निवारण,* काठमाडौं ।

भट्टराई, माधव (२०००), *नेपालमा दलित उत्थानका रणिनिती,* काठमाडौं ।

मिश्र, चैतन्य (२०६७), *दलित समस्या राजनिती र अर्थतन्त्र,* ललितपुर : समता फाउण्डेसन ।

वि.क, मानबहादुर, र वि.क, चक्रमान (२०६५), *संघियतामा दलित,* काठमाडौं : अन्नपुर्ण अफसेट लाजिम्पाट ।

विष्ट, डोर बहादुर (२०६४), *सबै जातको फूलवारी,* काठमाडौं : साझा प्रकासन ।

वि.क, पद्मलाल र निरौला, अम्बिका (२०५४), *दलित समुदायको समस्या,* काठमाडौं : त्रियुगा अफसेट प्रिन्टिर प्रेस, पुतलीसडक ।

विश्वकर्मा, पद्मलाल (२०५५), *दलित समुदायको सामाजिक, आर्थिक, राजनितीक स्थिती र आरक्षणको सबाल, दलित समुदायको समस्या विषयक राष्ट्रिय परामर्श कार्यक्रम पहिलो कार्यपत्र,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सामाजशास्त्र तथा मानवशास्त्र विभाग, त्रि.वि., कीर्तिपुर ।

विश्वकर्मा, भक्त (२०६४), *संविधान सभा प्रकृया गठन र दलितको सहभागिता,* काठमाडौं : त्रिवेणी अफसेट प्रेस ।

वराली, रणेन्द (१९८३), *छुवाछुतको भेदभाव विरुद्व संघर्ष गर्ने केही दलित स्वतन्त्रता सेनानीहरूको जीवनी,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सामाजशास्त्र तथा मानवशास्त्र विभाग, त्रि.वि., कीर्तिपुर ।

पराजुली, बी.बी (१९९५), *सोसियो कल्चरल चेन्ज इन विश्वकर्मा,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सामाजशास्त्र तथा मानवशास्त्र विभाग, त्रि.वि., कीर्तिपुर ।

फ्रान्सेली मानवशास्त्री, लुइस डुमो, *हाइरारची स्टाटस एन्ड पावर द कास्ट सिस्टम एन्ड इट्स इम्लीकेसन,* नामक कृति ।

## शोध पत्रका लागि प्रयोग गरिएका प्रश्नावली

### लुहार जातिको आर्थिक अवस्थाको अध्ययन गर्नका लागि तयार पारिएका प्रश्नावली

उत्तर दाताको पारिवारिक विवरण :

१. तपाईको नाम थर :

क. पुरुष ☐ ख. महिला ☐

ग. धर्म.......................घ. उमेर...................ङ. पेशा................च. शिक्षा................

छ.ठेगाना .........................................गा. वि.स ...................................।

उत्तर दाताको आर्थिक पक्ष सग सम्बन्धित विवरण :

२. पारिवारिक विवरण :

| क.स | सदस्यको नाम थर | नाता | उमेर | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३ . तपाईको परिवार कस्तो किसीमको छ ?

क) एकल परिवार ख) संयुक्त परिवार

४. तपाईको मुख्य पेशा के हो ?

क) कृर्षि ख) जागिर ग) वैदेशिक रोजगारी घ) अन्य

५. तपाईको आर्थिक अवस्था कस्तो छ ?

.........................................................................................।

६. तपाईको आफनैं जग्गा जमिन कति छ ?

क) .............हल ख).....................रोपनी ग) ..............................दुर ।

७. तपाईको जग्गाको कमाईले कति महिना खान खान पुग्छ ?

क) १ महिना देखि ३ महिनासम्म

ख) ३ महिना देखि ६ महिनासम्म

ग) ६ महिना देखि १२ महिनासम्म

घ) कति पनि पुग्दै पुग्दैन् ।

८. यदि तपाईलाई आर्थिक पक्षको अभावमा कहा वाट श्रृण लिने गर्नु भएको छ ?

क) साहु ख) सहकारी ग) वैंक घ) छर छिमेक वाट सापटी ।

९. तपाई हरूले पशुपालन गर्नु भएको छ ? यदि पाल्नु भएको छ भने के के पाल्नु भएको छ ?

.........................................................................................।

१०. पशुपालन वाट कति आम्दानी गर्नु हुन्छ ?

क) मासीक आम्दानी रु..............................,

ख) वार्षिक आम्दानी रु......................................।

११.  लुहार जातिको आर्थिक अवस्था कमजोर हुनमा मुख्य कारण के हो जस्तो लाग्छ ?

.............................................................................................।

१२.  लुहार जातिको आर्थिक अवस्था लाई अगाडी बढाउन के गर्नु पर्छ ?

.............................................................................................।

**लुहार जातिमा देखिएको परिवर्तन सम्वन्धि विवरण :**

१३.  तपाई हरूको अवस्थामा पहिला भन्दा अहिले कुन पक्षमा परिवर्तन भएको पाउनु हुन्छ ?

.............................................................................................।

१४.  आर्थिक पक्षमा सुधार देखिनुको कारण के हो ?

क) परम्परागत पेशा छाडेर अन्य पेशा अपनाउनु

खं) परिवारमा शिक्षाको चेतनाको विकाश हुनु

ग) वैदेशीक रोजगारीमा जान अगाडी बढ्नु

१५.  तपाई हरूको जातिमा हाल परिर्वतन ल्याउने कुरामा गैर दलित हरू वाट कस्तो किसीमको सहयोग मिलेको छ ?

.............................................................................................।

१६.  लुहारको आर्थिक अवस्थामा सुधार ल्याउन विभिन्न संघ संस्थाहरू लागि परेका छन नी त्यस वाट सहयोग पाउनु भएको छ ?य यदि पाउनु भएको छ भने के पाउनु भएको छ ?

क) चेतना

ख) नगद

ग) जिन्सी

१७.  तपाई हरूको घरमा विद्युतिय सामाग्री हरू के के प्रयोग गर्नु भएको छ ?

.............................................................................................

१८. तपाईको घरको शैक्षिक अवस्था कस्तो छ ?

..............................................................................................................

१९. तपाई हरूको परम्परागत भाडा बनाउने पेशालाई अहिलेका युवा हरूले त्यस पेशालाई छाडेका छन् नी किन त्यस्तो भएको होला ?

क) अन्य पेशा अपनाउन थालेकोले गर्दा

ख) वैदेशिक रोजगारको प्रभावले गर्दा

ग) शिक्षामा आएको परिर्वतनले गर्दा

२०. दलित हरूको जीवन स्तरमा अझै परिर्वतन ल्याउनको लागि मुख्य कुन पक्षलाई जोड दिनु पर्ला ?

क) आर्थिक पक्ष

ख) शैक्षिक पक्ष

ग) रोजगारी पक्ष

२१. दलित जातिलाई परिर्वतन गरी अगाडी ल्याउन सरकार पक्ष वाट के पहल गर्नु पर्ला जस्तो लाग्छ?

..............................................................................................................

**दलित जाति सग अन्य जातिको सम्वन्धको विवरण :**

२२. तपाईको समुदायमा दलित र गैर दलित बिचको सम्वन्ध कस्तो खालको छ ?

क) घनिष्ट छ ख) मध्यम खालको छ ग) सामान्य छ घ) राम्रो छैन् ।

२३. जातियताको कारणले गर्दा तपाई हरूलाई कुन जातिले बढी हेला गर्दछन् ?

क) वाहुन ख) क्षेत्री ग) अन्य

२४. तपाईको जातिलाई वाहुन र क्षेत्री जातिले अछुत भनेर कस्तो खालको व्यवहार गर्दछन् ।

..............................................................................................................

२५. तपाई हरू वाहुन र क्षेत्री जातिको घरमा  काम गर्न बढी जानुन्छ ?

..........................................................................................................

२६. यदि काम गर्न जानुन्छ भनेु पारीश्रमीक ज्याला दिदा के लिनुन्छ ?

..............................................................................

२७. गैर दलितहरूले तपाईहरूलाई उनीहरूको चार्डवडा तथा विवाह वर्तवन्ध जस्ता सामूहिक कार्य गर्दा वोलाउछन की वोलाउदैनन् ? यदि वोलाउछन भने तपाईहरू लाई कस्तो खालको व्यवहार गर्दछन् ।

..........................................................................................................

२८. तपाई हरू बसोबास गरेको यस ठाउमा वढी वाहुन क्षेत्री रहेको देखिन्छ उनीहरूको समाजमा वस्दा तपाई हरूलाई कुनै त्यस्तो नराम्रो व्यवहार त भएको छैन ?यदि छ भने कस्ता कस्ता व्यवहार हरू हुन्छन् भन्न सक्नु हुन्छ ।

..........................................................................................................

२९. तपाई हरूको विवाह वर्तवन्ध जस्ता सामुहिक कार्यमा गैर दलितहरूलाई बोलाउने गर्नु भएको छ भने उनीहरूको खान पीन तथा भोज भतेर मा कस्तो व्यवस्था मिलाउनु हुन्छ ?

..........................................................................................................

३०. गैर दलित र दलित हरूको सम्बन्धलाई बलियो बनाउन के कस्ता कामहरू गर्नु पर्ला जस्तो लाग्छ ?

..........................................................................................................

**धन्यवाद !**